दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक २१७ | बुटवल | २०८३ भदौ ०१ गते, सोमबार | नेपाल संवत ११४६ | Monday August 17, 2026 | पृष्ठ ४ | मूल्य रु. १० मात्र | Lumbini

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्

सुपर काइनेटिक कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

एमाले पुनर्गठन हुन्न : ओली

बुटवल । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले पार्टीभित्र पुनर्गठनको वकालत गर्नेहरूलाई अराजक संज्ञा दिएका छन् ।

झापा एमालेले गरेको 'मिसन पार्टी जागरण अभियान'को उद्घाटन गर्दै ओलीले अध्यक्ष फेर्ने भन्दै अराजक गतिविधि नगर्न चेतावनी दिएका हुन् ।

'सामाजिक सञ्जालमा स्टाटस लेखेर अध्यक्ष हटाउने ? हस्ताक्षर क्याम्पेन गरेर अध्यक्ष हटाउने ? पार्टीमा यस्तो शैली सह्य हुँदैन ।'- ओलीले भनेका छन् ।

एमाले अहिले पुनर्गठनको अवस्थामा नरहेको पनि उनले बताए । विगतका अध्यक्षहरूको नाम लिएर ओलीले नेतृत्व फेर्ने कुरा मात्र पुनर्गठन नभएको बताए । नीति, गन्तव्य र कार्यक्रम बदल्ने कुरा चाहिँ पुनर्गठन हुने ओलीको भनाइ थियो ।

» *बाँकी ३ पेजमा*

मुलुक 'लफङ्गा'हरूको हातमा पुगेको पुष्टि : घनश्याम

बुटवल । नेकपा संयुक्तका कार्यवाहक अध्यक्ष घनश्याम भूसालले मुलुक पहिले 'नालायक'हरूबाट शासित रहेकोमा अब 'लफङ्गा'हरूको हातमा पुगेको र पछिल्ला घटनाक्रमले त्यसलाई पुष्टि गर्दै लगेको बताएका छन् । आइतबार काठमाडौंमा आयोजित 'वामपन्थी आन्दोलन अब के गर्ने ?' विषयक राष्ट्रिय बहसमा बोल्दै नेता भूसालले फागुन २१ गतेको राजनीतिक घटनाक्रमपछि मुलुक 'लफङ्गा'हरूको हातमा जान लागेको भनी गरेको टिप्पणी स्मरण गराए ।

'मैले फागुन २१ को दिन सबै साथीहरूलाई भेटेपछि निष्कर्ष निकालेको थिएँ- मुलुक नालायकहरूबाट त शासित छँदै थियो, अब लफंगाहरूबाट शासित हुने भयो । त्यतिबेला मैले आफू गलत साबित हुन पाउँ पनि भनेको थिएँ,' उनले भने-'तर, यहाँ साढे चार महिना जति बित्यो । आज जे देखिएको छ, त्यसले समाजमा अझ डरलाग्दो क्षति र थप राजनीतिक दुर्घटनाहरू घट्ने जोखिम बढाएको छ ।'

गत प्रतिनिधिसभा निर्वाचनमा कम्युनिस्ट पार्टीहरूले भोगेको पराजय अनपेक्षित रहेको भन्दै कसरी हारियो भन्ने अहिलेसम्म पत्तो पाउन नसकेको टिप्पणी गरेका छन् । 'हामी यसरी हारेका छौं कि कसरी हार्‍यौं भनेर अहिलेसम्म पत्तो पाएका छैनौं,' नेता भूसालले भने, 'हामीलाई यसबारे कसैले प्रश्न नगरिदिए हुन्थ्यो, घरमा श्रीमती र छोराछोरीले पनि नसम्झाइदिए हुन्थ्यो जस्तो लागेको छ । यो त्यो तहको अनपेक्षित र कतिपय अवस्थामा व्याख्या नै गर्न नसकिने पराजय हो ।'

» *बाँकी ३ पेजमा*

कम्युनिष्ट आन्दोलनको निर्मम समीक्षा जरूरी : पोखरेल

बुटवल । नेकपा (एमाले) का महासचिव शंकर पोखरेलले नेपालका कम्युनिष्ट पार्टीहरू सङ्घर्ष र विद्रोहका मोर्चामा सफल भए पनि राज्यसत्ता सञ्चालनमा भने कमजोर देखिएको टिप्पणी गरेका छन् ।

सामाजिक सञ्जालमार्फत् पोखरेलले कम्युनिष्ट आन्दोलनको वर्तमान अवस्था र भविष्यबारे प्रश्न उठाउँदै 'निर्मम समीक्षा' को खाँचो औंल्याए । उनले क्रान्तिपूर्व सरकारलाई शक्ति सञ्चयको आधार मान्ने कम्युनिष्ट मान्यता व्यवहारमा लागू हुन नसकेको स्वीकार गरेका छन् । सरकारमा रहँदा जनमत र शक्ति बढ्नुको साटो उल्टै क्षयीकरण हुनु कम्युनिष्ट आन्दोलनको चुनौती बनेको उनको भनाइ छ ।

» *बाँकी ३ पेजमा*

ओभरलोड गाडीलाई पाँच लाख जरिवाना

बुटवल । सरकारले सडक तथा पुलको दीर्घकालीन संरक्षणका लागि मालवाहक सवारीको भारवहन क्षमतालाई कानुनी परिधिभित्र राख्ने व्यवस्थालाई कडाईका साथ लागू गर्ने भएको छ ।

हाल मालवाहक सवारीले ल्याउने गरेको ओभरलोडका कारण सडकमा खाल्डाखुल्डी पर्ने, सडकको सतह दबिने र पुलमा क्षति पुग्ने गरेको देखिएको छ । सरकारले क्षमताभन्दा बढी लोड बोक्ने मालवाहक सवारीलाई पाँच लाख रुपैयाँ जरिवाना गर्नेगरी कानुन बनाउन लागेको हो । प्रस्तावित सार्वजनिक सडक विधेयकमा तोकिएको सीमाभन्दा बढी भार बोकेमा सवारीधनीलाई पाँच लाख रुपैयाँसम्म जरिवानाको प्रस्ताव गरिएको छ । विधेयकको दफा १३ मा मालवाहक सवारीसाधनको भारवहन तथा जरिवानासम्बन्धी व्यवस्था गरिएको हो ।

» *बाँकी ३ पेजमा*

कांग्रेस इतर समूहको राष्ट्रिय सम्मेलन :

कस्ता प्रस्ताव भए पारित ?

देउवाको नेतृत्व र डा. शशांकको संयोजनमा १५औँ महाधिवेशन गर्ने र सनातन धर्मलाई राष्ट्रिय पहिचान बनाउनेलगायत पाँच प्रस्ताव पारित गरेको छ ।

लुम्बिनी संवाददाता

बुटवल

नेपाली कांग्रेसको संस्थापन इतर समूहको राष्ट्रिय सम्मेलन पाँच वटा प्रस्ताव पारित गरेको छ । साउन २९- ३१ मा सम्पन्न राष्ट्रिय सम्मेलनले पार्टीको १५औँ महाधिवेशन, संविधान संशोधन, धर्म र संस्कृति लगायतका पाँच प्रस्ताव पारित गरेको हो । पार्टीको १५औँ महाधिवेशनको संयोजन पूर्वसभापति शेरबहादुर देउवाको निर्देशनमा पूर्व महामन्त्री डा. शशांक कोइरालाले गर्ने निर्णय पारित भएको छ ।

यस्तै राष्ट्रिय एवं लोकतन्त्रवादी शक्तिहरूसँग संवाद गरी राष्ट्रियता, लोकतन्त्रको सुदृढिकरणका लागि कृयाशील रहने सम्मेलनको निर्णय छ। सनातन धर्मलाई राष्ट्रको पहिचान रुपमा राष्ट्रलाई अघि बढाउने सम्मेलनले प्रतिबद्धता जनाएको छ ।

१४औँ महाधिवेशनबाट निर्वाचित केन्द्रीय कार्यसमितिको निर्णयअनुसार १५औँ महाधिवेशन आयोजना गरिने र त्यसअघिका पार्टीका नियमित सांगठनिक गतिविधि राष्ट्रिय भेला तथा सम्मेलनका संयोजकमार्फत् सञ्चालन गरिने इतर पक्षले जनाएको छ । महाधिवेशनसम्म आवश्यक पार्टी गतिविधि सञ्चालन तथा राष्ट्रिय भेला र सम्मेलनको समन्वयको जिम्मेवारी सम्बन्धित संयोजकलाई दिइने निर्णय गरिएको छ ।

कांग्रेसले मुलुकको वर्तमान राजनीतिक अवस्थालाई मध्यनजर गर्दै राष्ट्रिय एकता, मेलमिलाप र लोकतान्त्रिक शक्तिबीच संवादलाई प्राथमिकता दिने नीति अघि सारेको छ । पार्टीले राष्ट्रियता र लोकतन्त्रको सुदृढीकरणका लागि लोकतान्त्रिक तथा राष्ट्रिय शक्तिहरूसँग निरन्तर संवाद र सहकार्य गर्ने जनाएको छ । यसैबिच कांग्रेसले नेपालको मौलिक धर्म-संस्कृति र सामाजिक सहिष्णुतालाई राष्ट्रिय पहिचानको महत्वपूर्ण आधारका रूपमा अघि सारेको छ । नेपालमा लामो समयदेखि कायम रहँदै आएको धार्मिक सहिष्णुता, सामाजिक सद्भाव तथा प्रत्येक नागरिकलाई आफ्नो धर्म मान्ने धार्मिक स्वतन्त्रताको संरक्षण गर्न पार्टी प्रतिबद्ध रहेको जनाएको छ ।

कांग्रेसले हिन्दू, बौद्ध, किराँत तथा प्रकृतिपूजकलगायतका मौलिक धार्मिक परम्पराको संरक्षणलाई राष्ट्रिय पहिचानसँग जोड्दै सनातन धर्म-संस्कृतिको संरक्षणमार्फत राष्ट्रलाई अघि बढाउने प्रतिबद्धता व्यक्त गरेको छ ।

पार्टीले वर्तमान संविधानमा जनअपेक्षाअनुसार आवश्यक संशोधन गर्न संविधानमै रहेको व्यवस्थाअनुसार सम्बन्धित सबै पक्षसँग संवाद गरी निष्कर्षमा पुग्ने जनाएको छ । संविधान संशोधनका विषयमा दलहरूबीच सहमति र संवादलाई प्राथमिकता दिने कांग्रेसको भनाइ छ ।

राष्ट्रिय सम्मेलनमा प्रस्तुत विभिन्न प्रस्ताव तथा सुझावलाई समेटेर परिमार्जनसहित पारित प्रस्तावलाई लिखित दस्तावेजका रूपमा तयार गर्ने जिम्मेवारी पनि तोकिएको छ । उक्त जिम्मेवारी केन्द्रीय सदस्य एनपी साउदको संयोजकत्वमा केन्द्रीय सदस्य उमाकान्त चौधरी र केन्द्रीय सदस्य सीता राना सदस्य रहेको समितिलाई दिइएको छ । समितिलाई सहयोग गर्न केन्द्रीय सदस्य मीनबहादुर विश्वकर्मा र दीपकप्रसाद कुइँकेल रहने निर्णय गरिएको छ । कांग्रेसले आगामी महाधिवेशनलाई पार्टीको संगठनात्मक एकता, नीतिगत पुनर्संरचना र राष्ट्रिय राजनीतिको दिशाबारे स्पष्ट धारणा निर्माण गर्ने महत्वपूर्ण अवसरका रूपमा लिएको छ ।

निधि र महतबिच कागज खोसाखोस

कांग्रेसको शेरबहादुर देउवा समूहको भेलामा धर्मसम्बन्धी प्रस्ताव पारित गर्ने विषयमा मञ्चमै नेता विमलेन्द्र निधि र प्रकाशशरण महतबिच कागज खोसाखोस भएको छ ।

नेता दीपक कुइँकेलले भेलाले पारित गर्ने प्रस्ताव रोस्ट्रमबाट पेश गरिरहँदा नेता निधि उठेर रोस्ट्रमतर्फै गएका थिए । त्यसबेला उनीहरूबिच कागज खोसाखोस भएको थियो । प्रकाशशरणले निधिलाई रोकेर मञ्चमै फर्काएका थिए । उनीहरूबिचको विवाद धर्मसम्बन्धी प्रस्ताव पारित गर्ने विषयमा भएको थियो । प्रस्ताव प्रकाशशरण महतलगायतले तयार गरेका थिए । उक्त बुँदाको भाषामा निधिको आपत्ति रह्यो ।

एक नेताका अनुसार भेलाले महतलगायतका नेताहरूले नै तयार गरेको प्रस्ताव पारित गऱ्यो । जुन प्रस्तावमा सनानत धर्मलाई राष्ट्रिय पहिचान बनाउने कुरा उल्लेख छ । निधि चाहिँ धार्मिक स्वतन्त्रता भन्ने मात्र शब्द प्रयोग गर्ने पक्षमा रहेका थिए । यसअघि कांग्रेसले नेपाल धार्मिक स्वतन्त्रता भनेर सिधा बोल्दै आएकोले यसभन्दा अन्यथा जान नहुने खालको उनको धारणा थियो ।

तर भेलाले सनातन धर्मबारे थप व्याख्यासहित बोल्यो । भेलाबाट पारित प्रस्तावमा छ-'नेपालको सनातनदेखि चली आएको धर्म संस्कृति हाम्रो राष्ट्रिय पहिचान पनि हो ।

नेपालम रहि आएको धार्मिक सहिष्णुता, सामाजिक सद्भाव र हरेक व्यक्ति र धार्मिक समुदायको आफ्नो धर्म मान्ने धार्मिक स्वतन्त्रतालाई सुनिश्चितदेखि चलिआएको हिन्दू, बौद्ध, किरात र प्राकृत धर्मको संरक्षण गर्ने दायीत्वलाई दृष्टिगत गरि सनातन धर्मलाई राष्ट्रिको पहिचान रुपमा राष्ट्रलाई अघि बढाउने प्रतिवद्धता गर्नेछ' देउवा समूहले पारित गरेको प्रस्तावमा छ ।

भेलामा शेरबहादुर देउवाले आफू हिन्दू भएको र तर सबै धर्म मान्ने स्वतन्त्रतालाई सम्मान गर्ने बताए ।

शेखर र पूर्णबहादुर अनुपस्थित

नेपाली कांग्रेसको संस्थापनइतर पक्षले आयोजना गरेको राष्ट्रिय भेलाको समापन सत्रमा आइतबार डा. शेखर कोइराला र पूर्णबहादुर खड्का सहभागी भएनन् । भेलाको उद्घाटन सत्रमा सहभागी भएका कोइराला समापन सत्रमा भने अनुपस्थित रहे ।

उद्घाटन सत्रमा सक्रिय देखिएका कोइराला समापन कार्यक्रममा सहभागी नहुनुलाई कांग्रेसभित्र अर्थपूर्ण रूपमा हेरिएको छ । विशेषगरी पछिल्लो समय संस्थापनइतर पक्षको गतिविधि पार्टीभित्रको आन्तरिक दबाब र शक्ति संघर्षबाट अघि बढेर सम्भावित विभाजनतर्फ जान सक्ने चर्चा भइरहेका बेला कोइरालाको अनुपस्थितिलाई राजनीतिक रूपमा जोडेर हेर्न थालिएको हो ।

यद्यपि, कोइरालाको सचिवालयले भने उनको अनुपस्थितिलाई सामान्य रूपमा लिएको छ । तर, भेलाको सुरुआती चरणदेखि नै अग्रसरता देखाएका कोइराला अन्तिम सत्रमा अनुपस्थित हुनुलाई कांग्रेसभित्रको आन्तरिक शक्ति सन्तुलनसँग जोडेर विश्लेषण गरिएको छ ।

यस्तै नेपाली कांग्रेसको पूर्व कार्यवाहक सभापति पूर्णबहादुर खड्का इतर समूहले आयोजना गरेको तीन दिने भेलाको समापनमा गएनन् । पूर्वसभापति शेरबहादुर देउवाका मुख्य प्रियपात्र उनी अहिले देउवा समूहसँगै असन्तुष्ट रहेको खुलेको छ ।

जेनजी आन्दोलनपछि सभापति देउवाले आफू राजनीतिबाट विश्राम लिने भन्दै पूर्णबहादुरलाई कार्यवाहक सभापति सुम्पिएका थिए । तर केही समयपछि महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले विशेष महाधिवेशन गरेर नयाँ नेतृत्व चयन गरे । त्यसैगरी कांग्रेसमा अनौपचारिक विभाजन आएको थियो । इतर पक्षको नेतृत्व पूर्णबहादुरले गरिरहेका थिए ।

निर्वाचन आयोग र अदालतले समेत गगनले नेतृत्व गरेको कांग्रेसलाई वैधानिकता दियो । सोपश्चात् इतर पक्षका थुप्रै नेताहरूले गगनबाट टिकट लिएर चुनावमा भाग लिए । खड्काले भने टिकट लिएनन् । इतर पक्षबाट चुनाव लडेका सबैजसो पराजित भए । चुनावमा कांग्रेसको नतिजा निराशाजनक भएपछि इतर पक्षले समानान्तर गतिविधि गर्दै आएको छ ।

पछिल्लो समय नेता खड्का भने समानान्तर गतिविधिको पक्षमा नरहेको निकट स्रोत बताउँछ । उनी अहिले राष्ट्रिय भेला गर्नेमा पनि सहमत थिएनन् । उनी पन्छिएपछि भेलाको संयोजक शशाङ्क कोइरालालाई बनाइएको हो । त्यसयता कोइराला नै इतर पक्षको नेता बनेका छन् ।

» *बाँकी ३ पेजमा*

निर्माण व्यवसायी प्रदेश महासचिवद्वारा जिल्ला अध्यक्षमाथि हातपात

बुटवल । लुम्बिनी निर्माण व्यवसायी संघ रुपन्देहीको अधिवेशनको मितिका सम्बन्धमा उत्पन्न विवादको विषयलाई लिएर कार्यवाहक अध्यक्षमाथि हातपात भएको छ ।

संघको भैरहवास्थित कार्यालयमा भएको बैठकमा विवादले बैठक स्थगित भएपछि लुम्बिनी निर्माण व्यवसायी महासंघका प्रदेश महासचिव एवं संघका निर्वतमान अध्यक्ष विनय ज्ञवालीले संघका कार्यबाहक अध्यक्ष रमेश बेल्बासेमाथि हातपात गरेका हुन् । ज्ञवालीले बेल्बासेमाथि मुक्का प्रहार गर्दा कानको जालीमा असर परेको बेल्बासेले बताए । गत जेठमा बसेको संघको कार्यसमिति बैठकले २०८३ मंसिरको १२ र १३ गते अधिवेशन गर्ने निर्णय भइसकेको अवस्थामा बैठकमा एजेण्डा नै नरहेको अधिवेशनको मिति असोजमा गर्नुपर्ने विषय संघका सदस्य शुभम रौनियारले उठाएपछि विवाद बढेको बेल्बासेले बताए ।

मंसिरसम्म आफ्नो कार्यकाल रहेकाले मंसिरमै अधिवेशन गर्ने निर्णय भएर महासंघको प्रदेश समितिमा पनि जानकारी गराइएको थियो । आफ्नै कार्यकक्षमा प्रदेशकै महासचिवबाट कुटपिट हुनुले सिंगो संस्थाको बदनाम भएको उनले दाबी गरे । 'संघको निवर्तमान अध्यक्ष र प्रदेश महासचिवले अभिभावकको भूमिका खेल्नुपर्नेमा उल्टै हातपातमा उत्रिंदा निर्माण व्यवसायीकै बदनाम भयो ।'- बेल्बासेले भने । कुटपिटपछि बेल्बासेले वडा प्रहरी कार्यालय सिद्धार्थनगरमा कारबाहीको माग गर्दै उजुरी दिए पनि समस्या समाधान नभएपछि जिल्ला प्रहरी कार्यालयमै जाहेरी दिने बताए ।

प्रतिनिधिसभामा निर्वाचनमा रास्वपाबाट उम्मेदवारी दिएपछि संघकी अध्यक्ष मञ्जु ज्ञवाली भुसालले महासचिव प्रितम रौनियारलाई कार्यबाहक अध्यक्ष तोकेकी थिइन् । भुसालको निर्णयविरुद्ध अदालतमा मुद्दा समेत परेको थियो । रौनियारलाई कार्यवाहक तोक्नु संस्थाको विधानविपरीत भएकाले बेल्बासे कार्यवाहक अध्यक्ष बनेका हुन् ।

» *बाँकी ३ पेजमा*

सम्पादकीय

ग्यास वितरण डिलरलाई जिम्मा देऊ

बजारमा उपभोक्ताले खाना पकाउने एलपी ग्यास सहजै पाउन छाडेको एक महिना नाघिसेकको छ । वितरण प्रणाली व्यवस्थित बनाएर सहज वितरण गर्नुको साटो भन भद्रगोल भएको छ ।

उपभोक्ता ग्यासका लागि नजिकका किराना र खाद्य पसल तथा डिलर कहाँ जान्थे । खासमा जानुपर्ने त्यही हो, तर अहिले शहरको कुनै एक ठाउँमा घण्टौं लामो लाइन लाग्न बाध्य छन् । सरकारले ग्यास वितरणको लागि डिलरलाई नदिएर आफैं बाँड्न थालेपछि भन समस्या चुलिएको छ । संकटका बेला सरकारी निकायको सक्रियता हुनु राम्रो हो । सरकारी निकायको सक्रियतापछि सहज हुनुपर्नेमा भनै भद्रगोल हुनुले वितरण प्रणाली व्यवस्थित बनाउन सरकारले पटक्कै ध्यान दिएन् । सस्तो लोकप्रियताका लागि सरकारी निकायलाई ग्यास बाँड्ने जिम्मा दियो । बजारको समस्याका बारेमा मिहिन अध्ययन गरी अघि बढ्नुको साटो आफैं उपभोक्ताको घरदैलोमा पुग्दा भनै भद्रगोल हुनु स्वभाविक हो । अहिले ग्यास वितरण भद्रगोल डिलरले लुकाएका कारण भएको होइन । उपभोक्ता कति छन्, ती उपभोक्तालाई कति ग्यास सिलिण्डर दिइएको छ भन्ने प्रष्ट तथ्याङ्कको अभावमा समस्या भएको हो । ग्यास डिलरले उपभोक्ताको रेकर्ड राख्न सक्छन् । त्यो रेकर्ड राख्न वडा कार्यालयमार्फत् पनि सकिन्छ, तर अहिले त्यतातिर नलागि आफैं ग्यास बाँडेर सरकारले भनै भद्रगोल बनाएको छ । उपभोक्तासँग ग्यास भएको नभएको जानकारी डिलरसँग जानकारी हुन्छ । डिलरलाई जिम्मेवार बनाउन सक्दा वितरण सहज हुन्छ । डिलरलाई बेवास्ता गर्दा जवाफदेही कोही हुन सकेन् ।

केही समयदेखि ग्यास आपूर्तिमा समस्या भएको हो । त्यसकारण सरकारले आधा सिलिण्डर ग्यास दिन थालेको हो । ग्यास व्यवसायीका अनुसार, नेपालमा मासिक करिब ५० हजार मेट्रिक टन ग्यास आवश्यक पर्छ । त्यसमध्ये औसत ३५ हजार मेट्रिक टन मात्रै आयात भएको छ । ७.१ केजीको ग्यास बिक्री भएको समय (चार महिना)मा करिब ६० हजार मेट्रिक टन ग्यास कम आयात भएको छ । नेपालमा आवश्यकताभन्दा धेरै सिलिन्डर रहेकोले पनि समस्या भएको व्यवसायीको भनाइ छ । नेपालमा करिब १ करोड सिलिन्डर आवश्यक पर्छ । अहिले १ करोड ८० लाखभन्दा बढी सिलिन्डर बजारमा छन् । एकातिर आयातमा कमि र अर्कोतिर आवश्यकभन्दा बढी सिलिण्डर भएकाले अभावका बेला सिलिण्डर धेरै हुनेले स्टक राख्दा समस्या भएको हो भन्ने बुझ्न कठिन छैन ।

अब सरकारले नै वितरण व्यवस्थापन रोकेर डिलरलाई जवाफदेही बनाउँदै वितरणको जिम्मा दिनुपर्छ । कसले कति ग्यास लग्यो भन्ने रेकर्ड राखेर वितरण प्रणालीलाई व्यवस्थित गर्न सक्दा मात्रै उपभोक्ताले सहजै ग्यास पाउनेछन् ।

खै सरकार ?!

दीपेन्द्र पाण्डे

दैनिक प्रशासनदेखि कूटनीतिसम्म असफल शासन, भूराजनीतिक शक्तिको रणनीतिक सक्रियता र नागरिकले खोज्दा नभेटिने शासक डरलाग्दो सङ्कट बनेर आएको जङ्गी अड्डाको बुझाइ छ । सत्तारुढ दलको अराजनीतिक द्वन्द्व, एल्गोरिदम शासकको नियत, ल्याकत र नालायकीले राजनीति अत्यन्त तरल बन्दैछ, जसले गर्दा 'डिजिटल पुस्ता र जङ्गी अड्डा'ले काँध फेर्ने अवस्था आउँदैछ ।

अस्तित्वगत खतराको बिचमा, सरकार फेसबुकमा व्यस्त छ । परिवर्तनको पहिलो नियम 'प्रक्रिया'मा ध्यान केन्द्रित गर्नु हो भन्ने नबुझेको शासक बरालिएको छ । 'वास्तवमा' मुलुकले कसरी काम गर्छ भन्ने नबुझेको शासकले फेसबुकलाई सर्वस्व ठानेको छ ।

पपुलिस्ट शासकले प्रचार गरेको डिजिटल रूपान्तरण धेरै हदसम्म कस्मेटिक र सतही छ । महँगो सेमिनार र प्रदर्शनीले एआई प्रदर्शन गर्छन्, जबकि नेपालको कर्मचारी प्रशासनले जटिल र झन्झटिलो प्रक्रिया भोग्न नागरिकलाई विवश बनाएको छ । हरेक बैङ्कमा भर्न बाध्य पारिने केवाइसी समेत सरलीकृत गर्न नसक्ने शासनमा एउटै कुरा बारम्बार गर्न बाध्य पारिएको छ । सरकारको एउटा विभागमा दर्ता र दाखिला गरिएको कागजात अन्य विभागमा स्वचालित रूपमा उपलब्ध गर्न नसकेको शासन डिजिटल नेपालको सपना बाँड्दै छ ।

लोकप्रियतावाद गुनासो र डरमा फस्टाउँछ । लोकप्रियतावादीहरू सधैं एक शत्रु सिर्जना गर्छन्, विशेष गरी प्रतिशोध सुनिश्चित गर्न डिजिटल उपकरणको कुशल प्रयोगमा विश्वास राख्छन् । अविश्वास र शत्रुताको कथा बुन्दै नागरिकको दिमागमा प्रभाव जमाउँछन् । यसैको बलमा राजनीतिक लाभ उठाउँछन् । परम्परागत नीतिको जमेर विरोध गर्छन्, तर घुमाउँरो बाटोबाट लुटतन्त्र मच्चाउँछन् । 'बाउ मलको, आमा ग्यासको, छोरो पासपोर्टको लाइन' मा पुगेको नदेख्ने शासक फेसबुकमार्फत् उन्नति र प्रगति लिएर झुल्किन्छ । दृष्टिकोण विहीन कार्यकर्ता सोसल मिडिया फोहोर गरेर शासकको जय-जयकार गर्न हौसिन्छन् । मन्त्री र मन्त्रालयको सङ्ख्या घटाउने, कानुन र नागरिकले नचिनेका साथीभाइलाई सर्वौं विभाग र आयोगमा 'पार्किड' गर्दै बरालिएको शासक मुलुक बनाउन निस्किएको छ ।

हाइब्रिड शासनमा प्रणालीगत कमजोरीलाई सम्बोधन गर्ने इजाजत पपुलिस्टहरुले राख्दैनन् भन्ने डिजिटल पुस्ताले बुझ्ने समय आएको छ । पहिचान, प्रतिनिधित्व र प्रशासनिक विषयलाई सम्बोधन गर्न कहाँबाट सुरु गर्ने भन्ने 'भेउ'सम्म नपाएको सरकार नराम्रोसँग बरालिएको छ । संस्थागत सुधार र वित्तीय योजना बिना मुलुकमा परिवर्तन सुरु हुन सक्दैन भन्ने नबुझेको सरकारले प्रभावकारी काम गर्न असम्भव देखिन्छ । लोकतान्त्रिक विकेन्द्रीकरणको सिद्धान्तले सरकार जनताप्रति उत्तरदायी र जवाफदेही रहन सुनिश्चित गर्दछ भन्ने बुझ्न पचाउँदै गुप्तवासमा बसेको छ । दुर्भाग्यवश संविधानलाई कोमामा पुऱ्याएर जन्मिएको पपुलिस्ट सरकार संवैधानिक ढाँचाको अर्थपूर्ण कार्यान्वयन गर्न असफल भएको छ ।

भदौरे विध्वंसको बाबजुद बचाइएको संविधान अझै तङ्गिन सकेको छैन । प्रदेश सरकार र स्थानीय सरकार प्रभावकारी र कम खर्चिलो बनाउन पपुलिस्टहरुको जाँगर देखिँदैन । रणनीतिक विकृति सहित निर्माण गरिएको संविधानले मुलुकमा राजनीतिक स्थिरता हुन नदिने गतिविधि निरन्तर चलिरहेको छ । जसले गर्दा शक्ति,स्रोत र राजनीतिक एकाग्रता समाप्त हुँदैछ । संवैधानिक विकृतिको जगमा जन्मिएको सरकारले निर्माण र सार्वजनिक वित्तमा ध्यान केन्द्रित गर्न नपाउने सङ्केत प्राप्त भएको छ । कानुन बनाउन र कार्यकारीलाई जवाफदेही बनाउन असफल व्यवस्थापिका संसद्ले मुलुकको पक्षमा काम गर्न नसक्ने देखिएको छ ।

बहुमूल्य अनुभव प्राप्त गरिसकेको अवस्थामा डेलिभरी दिन नसकेको शासकले १८२ सांसद प्राप्त गर्दा समेत एक्लो भएको स्वीकार गरेको छ । चुपचाप दुई तिहाइ दिँदा समेत काम गर्न नसकेका पपुलिस्टहरु स्थानीय र प्रदेश सरकार जितेपछि काम गर्ने सपना बाँड्दैछन । पाषाणयुगिन मानसिकता बोकेका पात्रलाई सांसद बनाएर नेपाल प्रहरीको हुर्मत लिएको विषयले पपुलिस्टहरुको अनुहारमा कालो पोतिएको छ । केवल प्रहरी भएकै भरमा अपमानित हुनुपर्ने, न्यायालय आफै न्याय खोज्न बाध्य भएको शासनमा 'सुशासन'को अवस्था कस्तो छ भन्ने बुझ्न 'फेसबुक'बाट बाहिर निस्कनु पर्नेछ ।

सत्ता सञ्चालनको ढङ्ग र अनुभव नभएको दोष ३५ वर्षे सरकारहरूलाई दिएर पपुलिस्टहरुको राजनीतिक आयु र लोकप्रियता नबढ्ने निश्चित छ । मुलुकको चुनौती समाधान गर्न व्यापक दृष्टिकोण चाहिन्छ । बलियो स्थानीय सरकार, व्यावसायिक निजामती सेवा, पारदर्शी प्रशासन, वित्तीय जिम्मेवारी र संवैधानिक निरन्तरता बिना संसदीय अङ्कगणित सफल हुन सक्दैन । सुगौली सन्धिको डकुमेन्ट छैन भन्ने परराष्ट्रमन्त्रीको खल्लो अभिव्यक्ति र सिके राउतको सेना खारेजीको कथित बयानबाजीको बाबजुद कतै नदेखिएको सरकार कसको सेवा गर्दैछ ? अर्थपूर्ण सुधार र मुलुकमैत्री नीति मार्फत नागरिकको चुलोमा पुग्न नचाहेको सरकारको नियतलाई जङ्गी अड्डाले गम्भीर रूपमा लिएको बुझ्न सकिन्छ ।

पपुलिस्टहरुको शासनमा राजनीतिक अस्थिरता समाप्त हुने सङ्केत देखिएन । भीमकाय संसदीय अङ्क गणित र डाक्टर अर्थमन्त्री प्राप्त गर्दा पनि आयातित संसदीय लोकतन्त्रले इर्ष्यालु आर्थिक वृद्धि हासिल गर्ने अवस्था रहेन । ऐतिहासिक दृष्टिकोणको अभाव प्रस्ट देखिएको शासनलाई अमेरिका, एल्गोरिदम र सेनाले लामोसमय साथदिन मुस्किल हुनेछ भन्ने पपुलिस्टहरुले महसुस गरेको देखिँदैन । रणनीतिक अस्थिरता, स्थगित आर्थिक सुधार, र कानुन बिनाको शासन जङ्गी अड्डाको टाउको दुखाइ बन्दैछ ।

निर्वाचित संस्थालाई अनिर्वाचित व्यक्ति र संस्थाले चलाउँदै छ । यसले जङ्गी अड्डाको छटपटी बढाएको छ । राज्य शक्ति र राजनीति नबुझेका पात्रहरूको अराजनीतिक उदयले सेनाको जिम्मेवारी बढेको छ । राज्यको दिवालियापन, असुरक्षा, गरिबी, भात्किरहेको शिक्षा र स्वास्थ्य प्रणालीलाई देखाएर मच्चाइएको विध्वंसले चुनेको नेतृत्व असफल हुनासाथ 'सैन्य अभिनेता' अन्तिम विकल्प बन्ने छ भन्ने बुझेको शक्तिले अर्थपूर्ण सुधार रोकेको छ । जसलाई बुझ्नासाथ पपुलिस्ट सत्ताको 'गुप्तवास' समाप्त भएको छ । दुर्भाग्यवश सक्रियता ढिलो भइसकेको विश्लेषकको बुझाइ छ ।

मासिक दुई खर्ब भन्दामाथि मुलुक भित्रिने रेमिट्यान्सको प्रमुख गन्तव्य बनेको मध्यपूर्वमा आकार लिएको 'इस्लामिक नेटो'को राजनीतिक असर छिट्टै नेपाल आइपुग्नेछ । नेपालमा बढिरहेको धर्मान्तरण 'इसाईकरण'मा मात्र सीमित छैन । बङ्गलादेशमा मच्चाइएको राजनीतिक अस्थिरतापश्चात् रणनीतिक ढङ्गले मुलुक प्रवेश गराइएका बङ्गलादेशी नागरिक निकट भविष्यमा धार्मिक द्वन्द्वको कारण बन्ने सङ्केत प्राप्त भइसकेको छ । साउदी अरेबिया, पाकिस्तान र टर्कीको नवगठित रक्षा समूहलाई मुस्लिम गठबन्धन र सुन्नी गठबन्धनको रूपमा मात्र बुझ्नु गम्भीर गल्ती हुनेछ । अमेरिकासँगको निर्भरता कम गर्ने र इजरायलको विस्तारवादी एजेन्डाविरुद्ध खडा गरिएको उदीयमान मुस्लिम गठबन्धन ढिलोचाँडो भारतलाई डिस्टर्ब गर्न अमेरिकाले प्रयोग गर्ने करिब निश्चित छ । तिब्बती शरणार्थीलाई चीन विरुद्ध, नेपाल प्रवेश गराइएका बङ्गलादेशीलाई भारत विरुद्ध प्रयोग गर्ने 'रणनीतिक खेल' सफल बनाउन एल्गोरिदम सरकारलाई बाध्य पारिने सङ्केत प्राप्त भएको छ ।

भदौरे विध्वंसपश्चात् मुलुकले विविध सुरक्षा चुनौतीको सामना गरिरहेको छ । केही दिन पहिला तराइ मधेसमा मच्चाइएको धार्मिक हिंसाले डरलाग्दो सङ्कटको सङ्केत गरिरहेको छ । इरान युद्धमा सोचेजस्तो उपलब्धि हात नलागेको समयमा मध्यपूर्वमा अमेरिकाको परम्परागत शक्ति र सुरक्षा रणनीति असफल भएको महसुस विश्वले गरिरहेको छ । साउदी अरेबिया, पाकिस्तान र टर्कीको बीचमा सम्पन्न रणनीतिक हस्ताक्षरको असर छिट्टै मुलुक प्रवेश गर्नेछ ।

मध्यपूर्व साझेदारहरूले रक्षा ग्यारेन्टरको रूपमा अमेरिकाको विश्वसनीयतामाथि प्रश्न उठाएको समयमा अमेरिका, एल्गोरिदम र आर्मीको आशीर्वादमा सिंहदरबार पुगेको शक्तिले 'ब्रिक्स र ग्लोबल साउथ'को रणनीतिक लक्ष्य बुझ्न नपाउने निश्चित छ । वाशिंगटनसँगको निर्भरता कम गर्नुको अर्थ अमेरिकासँग सम्बन्ध तोड्नु होइन भन्ने नबुझेको शासकले 'मक्का सम्झौता'को गहिराई र असर बुझ्न असम्भव छ । त्रिकोणीय सम्झौतापश्चात् इजरायलको दक्षिणपन्थी सरकारबाट आएको कडा प्रतिक्रिया, भारतले जाहेर गरेको चिन्ताभित्र लुकेको भारत/पाकिस्तानको द्वन्द्व र भारत/इजरायल सुरक्षा साझेदारीले नेपालमाथि नयाँ सुरक्षा चुनौती थपिएको छ ।

प्रजातन्त्र र लोकतन्त्रको निम्ति दिगो आर्थिक नीति बिसाएको मुलुकमा भदौरे विध्वंसपश्चात् लगानीको वातावरण समाप्त पारिएको छ । पर्याप्त घरेलु स्रोतहरू जुटाउने नाममा सरकारले नागरिकलाई 'कर'मार्फत निचोर्दैछ । अर्थतन्त्र र आर्थिक नीतिको किस्ता किस्ता बनेर मुलुक प्रवेश गर्दैछ । आर्थिक वृद्धिको सुस्तता, नगण्य लगानी, उच्च ऋणको पासोमा फसिसकेको मुलुकको आर्थिक भविष्यमाथि बादल मडारिएको छ । अभिजात वर्गले मार्ग परिवर्तन गर्न अस्वीकार गरेको अवस्थामा पपुलिस्टहरुको कार्यशैली, अयोग्यता र कार्यक्षमता मुलुकको दुर्भाग्य बन्दैछ ।

'दुक्क हुनुस्, देश बन्छ' भन्दै सुकुम्वासीलाई उठिबास लगाउने, व्यापारी र उद्योगीलाई अपमानित गर्ने, मिडिया, कर्मचारी, प्रहरी र सेनाको हुर्मत लिने, विधि, प्रक्रिया, कानुन र संविधानको धज्जी उडाउने, राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदनले दोषी किटान गरेका पात्रलाई संरक्षण गर्ने, सहकारी घोटालामा संलग्न अभियुक्तलाई उन्मुक्ति दिने, संसद्लाई निकम्मा बनाउने गतिविधिपश्चात् नागरिकले सरकार खोज्ने अवस्था आएको छ ।

अन्तमा, एक्लाएक्लै कसैलाई नभेट्ने घोषणा र पपुलिस्टहरुको शासन 'गाईजात्रा'मा परिणत भएको छ । दैनिक प्रशासनदेखि कूटनीतिसम्म असफल शासन, भूराजनीतिक शक्तिको रणनीतिक सक्रियता र नागरिकले खोज्दा नभेटिने शासक डरलाग्दो सङ्कट बनेर आएको जङ्गी अड्डाको बुझाइ छ । सत्तारुढ दलको अराजनीतिक द्वन्द्व, एल्गोरिदम शासकको नियत, ल्याकत र नालायकीले राजनीति अत्यन्त तरल बन्दैछ, जसले गर्दा 'डिजिटल पुस्ता र जङ्गी अड्डा'ले काँध फेर्ने अवस्था आउँदैछ ।

घटना र विचारबाट

नाग पञ्चमीको महिमा र महत्व

आचार्य सुश्री गार्गी चालागाई

हिन्दु धर्म संस्कारमा विभिन्न जीव जन्तु वनस्पतिलाई पनि देवताका रूपमा पूजा गर्ने परम्परा रहिआएको छ । श्रावण शुक्ल पञ्चमीको दिनलाई नाग पञ्चमी भनिन्छ ।

यस दिन सर्प जातिका विशेष रूपले नाम चलेका अष्टनागलाई देवताको रूप मानेर परम्परा अनुसार पूजा आराधना गरी मनाइन्छ । यसै दिनमा नागलाई धारण गर्ने भगवान भोलेनाथको पनि पूजा आराधना गर्ने चलन छ ।

यसै दिनमा भगवान भोलेनाथ शंकरको पूजा गर्नाले कालसर्पदोष र पितृदोष पनि निवारण हुन्छ भन्ने मान्यता रहिआएको छ ।

जन्मकुण्डलीमा हजारौं दोष र गुण पनि हुन्छन् । अगाडि राहु र पछाडि केतु ग्रह रही अरू सातवटा ग्रह यस बीचमा रहेका बेलामा जन्म हुँदा काल सर्पदोष हुन्छ भनेर ज्योतिष शास्त्रमा उल्लेख गरेको पाइन्छ ।

केन्द्र त्रिकोणमा शुभ ग्रह रहेका छन् भने कालसर्पदोष उसै पनि निवारण हुन्छ । यही दिनमा रुद्राभिषेक गर्नाले मुक्ति मिल्ने कुरा कुरा पनि धर्मशास्त्रमा पाइन्छ ।

यही नाग पञ्चमीका दिनमा नागका अष्टकूल अर्थात् अनन्त, वासुकी, पद्म, महापद्म, तक्षक, कुलीर, कर्कट र शंखनाग गरी अष्टनागको चित्र घरका मूल ढोकामाथि टाँस्नाले वा गोबरको नाग बनाई पूजा गर्नाले वर्षभरि घरमा नाग, सर्प र बिच्छीलगायत कुनैपनि जीवले दुःख नदिनुका साथै अग्नि मेघ चट्याङको भयबाट बच्न सकिन्छ भन्ने धार्मिक मान्यता छ ।

धर्मशास्त्रका अनुसार पञ्चमी तिथिका स्वामी नाग देवता हुन् । नागदेवता पातालमा नै बस्ने भएको हुनाले नाग पञ्चमीमा भूमि खन्दा नागलाई कष्ट हुने हुनाले नाग पञ्चमीका दिनमा हलो जोत्नु वा जग खन्नु शुभ हुँदैन भन्ने धार्मिक विश्वास रहेको छ ।

यस वर्ष नागपञ्चमी शुक्रबार, हस्ता नक्षत्र, साध्ययोग, बालवकरण , आनन्दादिमा अमृतयोग परेको हुनाले शुभ मानिएको छ ।

यस कारण यो वर्षमा नागमा श्रद्धा भक्ति राखी पूजा गर्नाले बज्रपात अग्निभय हटेर घरमा लक्ष्मीको वास हुने कुरा धर्मशास्त्रमा पाइन्छ ।

किनकि भगवान् विष्णु लक्ष्मीको आसन नै नाग हो । क्षीरसागरमा शेष सैयामा लक्ष्मीनारायण रहनुहुन्छ । यस कारण नागपूजा गर्दा लक्ष्मीनारायण, गौरीशंकर सहित पूजा गर्दा सबै देवताको पूजा हुनेकुरा धर्मशास्त्रमा पाइन्छ ।

अनन्त ब्रह्माण्डको निषेध हुँदा पनि जसको निषेध हुँदैन त्यो शेष हो यसर्थ शेषलाई नागमात्रको अर्थ नभई ब्रह्म तत्व हो भन्ने बुझ्नुपर्छ ।

यो दिनमा घरको ढोकाको दुबैतिर गाईको गोबरले लिपेर वा सफा गरेर अथवा गाईको गोबरकै नागको चित्र बनाएर वा नागको चित्रलाई चन्दन, अक्षता,अवीर,दही, दूवो, लावा, नैवेद्य, भेटी, दूधले नाग पूजा गर्ने प्रचलन रहेको छ ।

नागपूजा गर्दा गुरु पुरोहितद्वारा पूजा गरेर घरको मूल ढोकामा टाँसिएको नाग उत्तम मानिन्छ । गुरु पुरोहितलाई दक्षिणासहित भोजन गराएर विदा गर्दा विशेष फल मिल्छ ।

केवल बजारमा पाइएको नागको चित्र किनेर ल्याइएको नाग टाँस्दैमा नाग पूजाको पूर्ण फल प्राप्त हुँदैन ।

नागदेव रिसाए भने अनिष्ट हुने भएकाले नागलाई खुसी पार्नको लागि वर्षमा एकदिन नागदेवतामा श्रद्धा भक्ति विश्वास पूर्वक पूजागर्ने चलन रहिआएको छ । खेत बारी सीमसार आदि क्षेत्रमा मानिआएका नागदेवताको पनि त्यसै दिन विशेष पूजा गर्ने परम्परा छ। यसै दिनमा काठमाण्डौ नक्सालको नागपोखरीमा रहेको नागको विशेष पूजा गर्ने चलन छ । यस्तै देशभरिमारहेका नागपीठहरूमा गई नागदेवको विशेष पूजा गर्ने चलन छ ।

नाग पूजा गर्दा प्रार्थना गर्ने मन्त्रः-

आस्तिकस्य मुनेर्मातर्जगदानन्दकारिणी !

एह्येहि मनसे देवि ! नागमातर्नमोस्तुते ।।

आस्तिक ऋषिकी आमा नागकी छोरी थिइन् । परीक्षित् छोरा जन्मेजयले उनका पितालाई डसेर मार्ने तक्षक नागलाई हवन गरी डढाउने प्रसंगमा सर्प यज्ञ गर्दा सबै सर्प नाशिने हुनाले र दोषीका निहुँमा निर्दोषी सर्प पनि नाशिने हुनाले नाग वंशको रक्षाको लागि नागकी पुत्री आस्तिक ऋषिकी माताले आस्तिक ऋषिलाई अह्राए बमोजिम आस्तिक ऋषिले राजा जन्मेजयको सर्प यज्ञलाई बीचैमा बन्द गराई सर्प वंशको रक्षा भएको हुँदा नागपञ्चमीमा आस्तिक ऋषि र उनकी माताको स्मरण गर्ने चलन छ ।

आस्तिक ऋषिको स्मरणले नागभय तथा नागदोष नासिन्छ । यसै दिनमा सूर्यास्त भएपछि नागदेवताको नाममा मन्दिर तथा घरको कुनामा माटाको दियोमा गाईको दूध राख्नु, साँझमा पूजा आरति गर्नु उत्तम मानिन्छ ।

नाग पञ्चमीका दिनमा नाग देवताका निमित्त व्रत लिई खीर पकाएर प्रसादको रूपमा नागदेव र शिवलाई अर्पण गरेर प्रसाद खाने चलन छ ।

नून तेलजन्य पदार्थ नखाई सकभर निराहार व्रत गर्नु उत्तम मानिन्छ । यस दिनमा शुभकार्य गर्न माङ्गलिक कार्य गर्न हेर्न जुराउनु पर्दैन भन्ने मान्यता छ ।

नागको पूजा गर्नुमा वैज्ञानिक पक्ष पनि छ । प्रकृतिमा रहेका विषालु पदार्थलाई नागसर्पले ग्रहण गरी मानव तथा अन्य जातिलाई विषालु पदार्थको प्रभाव पर्न नदिने हुँदा पर्यायवरण संरक्षणमा सर्पको विशेष भूमिका भएको मानिन्छ ।

सर्पले वायुमण्डलमा फैलिएको विषाक्त पदार्थ ग्रहण गर्दछ । यस कारण सर्प रहेमात्र मानव जीवित र स्वस्थ्य रहन सक्छ । यसर्थ नाग पञ्चमीका दिन नागदेवताको श्रद्धा , विश्वास र भक्तिपूर्वक पूजा आराधना गर्नु पर्दछ ।

वस्तुनिष्ठताको कसीमा शैक्षिक परामर्श सेवा

उमेश ढुङ्गेल

प्रस्तावित शैक्षिक परामर्श, भाषा शिक्षण तथा तयारी कक्षा (सञ्चालन र व्यवस्थापन) नियमावली, २०८३ ले वैदेशिक अध्ययनमा जाने विद्यार्थी, अभिभावक र शैक्षिक परामर्श सेवा प्रदान गर्ने संस्थाहरुबीच विभिन्न कोणबाट बहस र छलफल भएका छन् । खासगरी बहसमा धरौटी, शैक्षिक परामर्श सेवाका लागि त्यति आवश्यक नदेखिने पूर्वाधार, ग्रेडिङ, परामर्शदाताको आफ्नो नियन्त्रण र क्षमताभन्दा बाहिर जाने आर्थिक तथा मानसिक क्षतिपूर्तिको दायित्व र शाखा कार्यालयजस्ता विषय उठेका छन् ।

यीमध्ये कतिपय विषयमा पर्याप्त छलफल र पुनर्विचारको आवश्यकता देखिन्छ, तर यी विषयमा प्रवेश गर्नुअघि एउटा आधारभूत प्रश्नबाट छलफल सुरु गर्नु उचित हुन्छ आखिर परामर्श भनेको के हो ? परामर्श भनेको कसैको ठाउँमा निर्णय गरिदिने काम होइन। कुनै व्यक्तिको अवस्था, क्षमता, रुचि, आवश्यकता, विकल्प, जोखिम र सम्भावित परिणामलाई बुझेर सत्यापनयोग्य सूचना, विवेकपूर्ण विश्लेषण र पेशागत मार्गदर्शनमार्फत उसलाई आफ्नै जीवनबारे सही र सूचित निर्णय लिन सक्षम बनाउने प्रक्रिया नै परामर्श हो । विद्यार्थीको आवश्यकता, क्षमता, रुचि, आर्थिक अवस्था र भविष्यको लक्ष्यअनुसार उपलब्ध विकल्प पहिचान गर्नु, ती विकल्पका अवसर र सीमाबारे वस्तुगत जानकारी दिनु, सम्भावित जोखिमबारे सचेत गराउनु र अन्ततः विद्यार्थीलाई आफ्नै निर्णय लिन सक्षम बनाउनु नै परामर्शको मूल जिम्मेवारी हो । यसैले शैक्षिक परामर्शलाई विद्यार्थीलाई कुनै देश, विश्वविद्यालय वा पाठ्यक्रममा पठाउने भर्नाकेन्द्रित गतिविधिमा मात्र सीमित गर्नु यसको वास्तविक प्रकृतिलाई साँघुरो बनाउनु हो ।

शैक्षिक परामर्श मूलतः विद्यार्थीको शैक्षिक पृष्ठभूमि, क्षमता, रुचि, भविष्यको आकाङ्क्षा, आर्थिक अवस्था र उपलब्ध शैक्षिक अवसरबीच उचित सम्बन्ध पहिचान गर्ने ज्ञानमा आधारित पेशागत सेवा हो । त्यसैले परामर्शदाताको मूल्य कार्यालयको आकार वा विद्यार्थीको संख्याले मात्र होइन, उसले दिने सूचनाको गुणस्तर, विश्लेषण गर्ने क्षमता, पेशागत दक्षता र विद्यार्थीप्रतिको जिम्मेवारीले निर्धारण गर्नुपर्छ । परामर्शदाताको काम विद्यार्थीको निर्णय आफ्नो हातमा लिनु होइन, उसलाई अझ राम्रो निर्णय गर्न सक्षम बनाउनु हो ।

विद्यार्थी र अभिभावकको जिम्मेवारिता

आजको विश्वमा शैक्षिक अवसर र सूचना विद्यार्थीको पहुँचमा पहिलेभन्दा धेरै सहज भएका छन् । विश्वव्यापी शैक्षिक गतिशीलताको अवसरलाई उपयोग गर्दै विद्यार्थी र अभिभावक स्वयं पनि सचेत हुन आवश्यक छ। आफूले प्राप्त गरेको सूचना सकेसम्म सत्यापन गर्ने, विभिन्न विकल्पबीच तुलना गर्ने, प्रश्न गर्ने र आवश्यक परे थप जानकारी खोजेर मात्र निर्णय गर्ने संस्कार विकास हुनुपर्छ ।

सही परामर्श लिनु परामर्शदाताको मात्र जिम्मेवारी होइन । सही सूचना खोज्नु, बुझ्नु र सोचेर निर्णय गर्नु विद्यार्थी तथा अभिभावकको पनि जिम्मेवारी हो । समय लिएर सूचना परीक्षण गरी निर्णय गर्दा हतारमा निर्णय गर्नुपर्ने अवस्था कम हुन्छ । प्रस्तावित नियमावलीमा विद्यार्थी र अभिभावकको भूमिकालाई पनि स्पष्ट रूपमा सम्बोधन गर्न आवश्यक देखिन्छ । विद्यार्थी केबल सेवा प्राप्त गर्ने व्यक्ति होइन; आफ्नो भविष्यसँग सम्बन्धित निर्णयको प्रमुख सरोकारवाला हो । अभिभावक पनि आर्थिक, पारिवारिक र सामाजिक पक्षसँग जोडिएको महत्वपूर्ण पक्ष हुन् । यी दुवैलाई सचेत र जिम्मेवार सरोकारवालाका रूपमा स्थापित गर्न सकिएमा परामर्श प्रक्रिया अझ स्वस्थ र सन्तुलित बन्न सक्छ ।

नियमावलीको आवश्यकता किन ?

एउटा विद्यार्थीले गलत सल्लाह पाउँदा समस्या उसको शैक्षिक भविष्यमा मात्र सीमित हुँदैन । त्यसले परिवारको ठूलो आर्थिक लगानी, अध्ययनको दिशा, करियर, व्यक्तिगत आत्मविश्वास र भविष्यका अवसरसम्म असर पार्न सक्छ । यही कारणले शैक्षिक परामर्श क्षेत्रमा नियमावली अत्यावश्यक छ । विद्यार्थी र परामर्शदाताबिच सूचना, ज्ञान, अनुभव र प्रभावको समानता हुँदैन । विद्यार्थीले परामर्शदाताले दिएको सूचनामाथि विश्वास गरेर आफ्नो जीवनको महत्वपूर्ण निर्णय गर्न सक्छ त्यसैले यो सम्बन्ध सामान्य व्यापारिक कारोबारभन्दा बढी संवेदनशील हुन्छ । प्रस्तावित नियमावलीमा परामर्शदाता, विद्यार्थी तथा अभिभावक, नेपालमा रहेका वा विदेशमा रहेका शैक्षिक प्रदायक तथा विश्वविद्यालय, सम्बन्धित सरकारी निकाय र अन्य प्राथमिक सरोकारवालाको भूमिका, जिम्मेवारी, अधिकार, सीमा र उत्तरदायित्व स्पष्ट रूपमा निर्धारण गर्न सकिएमा धेरै सम्भावित समस्या समाधान गर्न सकिन्छ ।

कम्तीमा पनि परामर्शदाताले सही र प्रमाणित सूचना दिने, गोपनीयता कायम गर्ने, स्वार्थको द्वन्द्व भए खुलासा गर्ने, सत्य र गैरभ्रामक प्रचार गर्ने, आफ्नो पेसागत क्षमताको सीमाभित्र रहेर सेवा दिने, आवश्यक अभिलेख राख्ने, विद्यार्थीको स्वायत्तताको सम्मान गर्ने र विद्यार्थीको हितलाई व्यावसायिक स्वार्थभन्दा माथि राख्ने दायित्व नियमावलीमा स्पष्ट हुनुपर्छ । परामर्शदाताले आफूलाई थाहा नभएको कुरा थाहा भएजस्तो गर्नु हुँदैन । कुनै संस्थाको कमजोरी थाहा हुँदाहुँदै लुकाउनु हुँदैन । 'कमिसन' वा अन्य व्यावसायिक लाभका कारण विद्यार्थीका लागि अनुपयुक्त विकल्पलाई उपयुक्त भनेर प्रस्तुत गर्नु हुँदैन । विद्यार्थीको निर्णयक्षमतामाथि आफ्नो व्यावसायिक स्वार्थका कारण प्रभाव पार्नु हुँदैन त्यसैले नियमावली पेशालाई अनावश्यक नियन्त्रण गर्ने अतिरिक्त बोझ होइन; पेशागत विश्वासलाई संस्थागत गर्ने आधार हुनुपर्छ ।

स्पष्ट भूमिकाको खाँचो

परामर्शदाताले विद्यार्थीलाई सही सूचना दिन सक्छ, उपयुक्त पाठ्यक्रम छनोटमा सहयोग गर्न सक्छ र सत्यमा आधारित प्रचार गर्न सक्छ । तर अफर लेटर, विश्वविद्यालयको प्रवेश निर्णय, भिसा, अध्यागमन, विदेशी कानुन, दूतावासको निर्णय वा विद्यार्थी विदेश पुगेपछिको व्यक्तिगत व्यवहार परामर्शदाताको पूर्ण नियन्त्रणमा हुँदैन । यही कारणले परामर्शदाताको कर्तव्य र उसको नियन्त्रणको सीमा स्पष्ट नभई केबल परिणामका आधारमा दायित्व निर्धारण गर्नु न्यायोचित हुँदैन ।

परामर्शदाताले कुनै विश्वविद्यालय वा कलेजको अफर लेटरको ग्यारेन्टी गर्न सक्दैन । उसको मुख्य भूमिका विद्यार्थीलाई करियर मार्गदर्शन, शिक्षा प्रणाली, पाठ्यक्रम, संस्थागत आवश्यकता, भिसा प्रक्रियासम्बन्धी उपलब्ध जानकारी, सम्बन्धित देशको अर्थतन्त्र, भूगोल, जलवायु तथा अन्य सान्दर्भिक विषयमा सही र वस्तुगत जानकारी उपलब्ध गराउनु हो । अन्तिम निर्णय सम्बन्धित शैक्षिक संस्था वा सरकारी निकायले गर्ने हो त्यसैले कर्तव्यसँगै नियन्त्रणको सीमा र उत्तरदायित्वको सीमा पनि स्पष्ट हुनुपर्छ । कुनै परामर्शदाताले विद्यार्थीलाई नबुझी, उसको क्षमता र हितविपरीत, केबल आफ्नो व्यावसायिक स्वार्थका कारण कुनै विकल्प जबर्जस्ती थोपर्छ भने त्यो परामर्शको मूल मर्मविपरीत हुन्छ ।

कस्तो नियमन आवश्यक ?

नेपालको संविधानले पेसागत स्वतन्त्रता र सार्वजनिक हितबिच सन्तुलन खोज्ने आधार दिएको छ । धारा १७ (२) (च) ले पेसा, रोजगार, उद्योग, व्यापार तथा व्यवसाय सञ्चालन गर्ने स्वतन्त्रतालाई मौलिक हकका रूपमा स्वीकार गरेको छ भने कानुनद्वारा उचित शर्त वा योग्यता निर्धारण गर्न सकिने आधार पनि रहेको छ । त्यसैले संवैधानिक प्रश्न 'नियमन गर्न मिल्छ कि मिल्दैन' मात्र होइन । नियमनको उद्देश्य, कानुनी आधार, आवश्यकता, औचित्य र त्यसबाट सिर्जना हुने भारबिच उचित सम्बन्ध छ कि छैन भन्ने पनि हो । त्यसैगरी, संविधानको धारा ४४ ले उपभोक्ताको हकलाई संवैधानिक संरक्षण दिएको छ । उपभोक्ता संरक्षण ऐन, २०७५ ले पनि गुणस्तरीय सेवा, छनोट, सूचना तथा अनुचित व्यापारिक अभ्यासविरुद्धको संरक्षणलाई महत्व दिएको छ । त्यसैले गलत सूचना दिने, विद्यार्थीलाई झुक्याउने वा जानाजानी अनुचित व्यावसायिक अभ्यास गर्ने संस्था वा व्यक्तिमाथि प्रभावकारी कारबाही हुनु आवश्यक छ ।

मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ अन्तर्गत ठगीका लागि धोका, बेइमानी वा झुक्याई हानी पुऱ्याउने वा अनुचित लाभ प्राप्त गर्ने तत्व आवश्यक हुन्छ । असल नियतले दिइएको पेसागत परामर्श सफल नभएको अवस्था र जानाजानी गरिएको ठगी वा गलत प्रस्तुतीकरणलाई एउटै स्तरमा राख्नु उचित हुँदैन । त्यस्तै, मुलुकी देवानी संहिता, २०७४ को दायित्वसम्बन्धी व्यवस्थाले पनि कर्तव्य र दायित्वबिच सम्बन्ध स्थापित गर्छ । दफा ४९३, ४९५, ४९९ र ५०० का व्यवस्थाबाट हेर्दा जसको जुन दायित्व हो, त्यही आधारमा त्यसको पालना र त्यसबाट उत्पन्न हुने हानीनोक्सानीको उत्तरदायित्व निर्धारण हुने आधार देखिन्छ । यही दृष्टिले प्रस्तावित नियमावली, २०८३ लाई हेर्दा यसको उद्देश्यप्रति असहमति गर्नुपर्ने कारण छैन । विद्यार्थीको हित संरक्षण, सेवा गुणस्तर, पारदर्शिता र उत्तरदायित्व सुनिश्चित गर्नु राज्यको वैध जिम्मेवारी हो तर उद्देश्य राम्रो हुँदैमा उद्देश्य प्राप्त गर्ने प्रत्येक माध्यम स्वतः उचित हुन्छ भन्ने हुँदैन ।

धरौटी र ग्रेडिङको प्रश्न

प्रस्तावित नियमावलीमा २५ लाख रुपैयाँ धरौटीको विषयमा बहस गर्दा 'धरौटी चाहिन्छ' वा 'चाहिँदैन' भनेर मात्र निष्कर्षमा पुग्नु पर्याप्त हुँदैन । वास्तविक प्रश्न हो २५ लाख नै किन ? यसले कुन पहिचान गरिएको जोखिमलाई सम्बोधन गर्छ ? विद्यार्थीको आर्थिक सुरक्षा, क्षतिपूर्ति, सेवा गुणस्तर वा अन्य कुनै नियामक उद्देश्य ? यदि विद्यार्थीको सुरक्षा मुख्य उद्देश्य हो भने त्यसका लागि अन्य कम भार पर्ने विकल्प पनि हुन सक्छन् कि सक्दैनन् भन्ने विषयमा अध्ययन आवश्यक हुन्छ । बीमा, बैङ्क ग्यारेन्टी, संरक्षण कोष वा अन्य जोखिममा आधारित व्यवस्थाजस्ता विकल्पले पनि सोही उद्देश्य पूरा गर्न सक्छन् भने तिनको तुलनात्मक अध्ययन गर्नु नियमनलाई कमजोर बनाउनु होइन; अझ प्रभावकारी बनाउनु हो ।

ग्रेडिङको अवधारणा आफैंमा गलत होइन, तर त्यसका वस्तुगत मापदण्ड, निर्णय प्रक्रिया, कारणसहितको निर्णय, पुनरवलोकन तथा अपिलको अधिकार स्पष्ट हुनुपर्छ । नत्र गुणस्तर सुधारका लागि ल्याइएको प्रणाली प्रशासनिक विवेकाधिकारको माध्यम बन्न सक्ने जोखिम रहन्छ । सबैभन्दा महत्वपूर्ण कुरा पहिले अधिकार र जिम्मेवारी, त्यसपछि दायित्व र सजाय हुनुपर्छ । कानुनी भूमिका नै स्पष्ट नभएको अवस्थामा धरौटी, क्षतिपूर्ति, इजाजत रद्द वा अन्य कठोर दायित्व निर्धारण गर्दा कानुनी निश्चितता र न्यायोचितताको प्रश्न उठ्न सक्छ ।

अबको बहस विद्यार्थी केन्द्रित

अबको बहस 'नियमावली चाहिन्छ कि चाहिँदैन ?' भन्ने तहमा रोकिनु हुँदैन। नियमावली चाहिन्छ तर कस्तो नियमावली चाहिन्छ भन्ने प्रश्न अझ महत्वपूर्ण छ। अहिलेको अवसरलाई विद्यार्थीकेन्द्रित करियर मार्गदर्शन, जिम्मेवार परामर्श सेवा र सचेत अभिभावक निर्माण गर्ने अवसरका रूपमा लिन सकिन्छ । यसका लागि नियमावली निर्माण वा संशोधनको प्रक्रियामा विद्यार्थी, अभिभावक, परामर्शदाता, शैक्षिक प्रदायक र सम्बन्धित सरकारी निकायजस्ता सरोकारवालाको अर्थपूर्ण सहभागिता आवश्यक हुन्छ ।

नियमावलीले विद्यार्थीलाई केबल सम्झौता गराउने होइन, उसलाई सही सूचना र स्वतन्त्र निर्णयको अधिकार सुनिश्चित गराउनुपर्छ, जसले परामर्शदातालाई मात्र उत्तरदायी बनाउने होइन, सूचना उत्पादन र प्रवाहमा संलग्न सबै पक्षको भूमिका स्पष्ट गरोस् । गलत गर्ने व्यक्तिमाथि प्रभावकारी कारबाही गरोस् तर असल नियतले आफ्नो पेसागत कर्तव्य पूरा गर्ने व्यक्तिलाई आफ्नो नियन्त्रणबाहिरको परिणामको दोषी नबनाओस् । शैक्षिक परामर्शलाई व्यवसायबाट पूर्णरूपमा अलग गर्न खोज्नु पनि व्यावहारिक हुँदैन । कार्यालय, कर्मचारी, प्रविधि, तालिम र सेवा सञ्चालनका लागि आर्थिक स्रोत आवश्यक हुन्छ । आम्दानी हुनु आफैंमा गलत होइन । गलत त्यतिबेला हुन्छ, जब आम्दानीले पेसागत निर्णयलाई निर्देशित गर्न थाल्छ ।

विद्यार्थीका लागि अनुपयुक्त विकल्प केबल बढी कमिसन आउने कारणले उपयुक्त बनाइन्छ भने त्यहाँ परामर्श क्रमशः बिक्री प्रणालीमा बदलिन सक्छ । यही जोखिम रोक्न ठूलो धरौटीभन्दा बलियो आधार आचारसंहिता, पारदर्शिता, स्वार्थको द्वन्द्वको खुलासा, सत्यापनयोग्य सूचना, पेसागत योग्यता, अभिलेखीकरण र लक्षित अनुगमन हुनसक्छ ।

राम्रो नियमावलीले कुनै एउटा पक्षलाई मात्र नियन्त्रण गर्दैन । यसले विद्यार्थी, अभिभावक, परामर्शदाता, शैक्षिक प्रदायक र राज्यबिच अधिकार, कर्तव्य, सीमा र उत्तरदायित्वको स्पष्ट सम्बन्ध निर्माण गर्छ । प्रस्तावित नियमावलीको मूल उद्देश्य कसैलाई कमजोर बनाउने होइन, गलत अभ्यास रोक्दै जिम्मेवार परामर्श सेवाको स्तर माथि उठाउने हुनुपर्छ । पहिले सेवा र उद्देश्य स्पष्ट गर्ने, त्यसपछि सरोकारवालाको भूमिका र जिम्मेवारी निर्धारण गर्ने, त्यसपछि पेसागत आचारसंहिता र मापदण्ड बनाउने अनिमात्र दायित्व, धरौटी, प्रतिबन्ध र दण्डको व्यवस्था गर्ने क्रमले नियमावलीलाई केबल नियन्त्रणको दस्ताबेज होइन, शैक्षिक परामर्श क्षेत्रलाई विश्वसनीय, जिम्मेवार र प्रतिष्ठित पेसागत सेवाका रूपमा विकास गर्ने आधार बनाउन सक्छ। विद्यार्थीको अधिकार, पेसागत स्वतन्त्रता र राज्यको नियामक जिम्मेवारीबिच न्यायोचित सन्तुलन कायम गर्ने राम्रो नियमावली निर्माण गर्नु आजको आवश्यकता हो ।

(लेखक शिक्षा तथा शैक्षिक परामर्श क्षेत्रमा सक्रिय छन् ।)

डा. न्यौपानेको बौद्धकालीन देवदह कृति विमोचन

देवदह । रुपन्देहीको देवदहमा लेखक डा. कृष्णप्रसाद न्यौपानेद्वारा लिखित बौद्धकालीन देवदह कृति विमोचन गरिएको छ । बौद्धकालीन इतिहास, संस्कृति, सामाजिक अवस्था र जनजीवनलाई समेटेर प्रकाशित बौद्धकालिन देवदह कृतिको विमोचन गरिएको हो ।

शिखा बुक्सद्वारा प्रकाशित बौद्धकालीन देवदह कृति एक कार्यक्रमकाबिच लुम्बिनी बौद्ध विश्वविद्यालय अनुसन्धान केन्द्रका निर्देशक प्रा. डा. गीतु गिरीले विमोचन गर्नु भएको हो । कृतिको विमोचन गर्दै प्रा. डा. गिरीले देवदहको ऐतिहासिक तथा पुरातात्विक क्षेत्र पहिचान, गहिरो अनुसन्धान र वैज्ञानिक उत्खनन गर्न आवश्यक रहेको बताए । उनले देवदहमा रहेको खयर डाँडा, बंगाला-बंगाली र कन्यामाई-बैरीमाईलगायतका ऐतिहासिक स्थलमा प्राचीन संरचनाका प्रमाण भेटिए पनि तिनको पूर्ण उत्खनन हुन बाँकी रहेको जनाए । देवदहको पुरातात्विक अन्वेषण र संरक्षणका लागि स्थानीय, प्रदेश र संघीय सरकारसँगै लुम्बिनी विकास कोषको समेत समन्वय आवश्यक रहेकोमा उनले जोड दिए। उनले देवदह क्षेत्रका पुरातात्विक सम्पदाहरुको संरक्षण गर्न सरकारको मात्र दायित्व नभएको उल्लेख गर्दै डा. गिरीले स्थानीय नागरिकमा समेत सम्पदा संरक्षण सम्बन्धी सचेतना आवश्यक रहेको बताए ।

उनले देवदहको खोज, अनुसन्धान र पहिचानमा योगदान पुऱ्याउने अग्रजहरूको योगदानलाई स्मरण गर्नुपर्नेमा जोड दिए । उनले देवदहको अनुसन्धान र जानकारीको लागि डा. न्यौपानेले प्रकाशन गरेको कृति सहयोगी हुने बताए । उनले उत्खननले मात्र आधिकारीता प्रदान गर्ने हुँदा देवदहमा रहेका ऐतिहासिक स्थलहरुको उत्खननको लागि नागरिक स्तरबाट दवाव दिन आवश्यक रहेको जनाए ।

कार्यक्रममा पुस्तकको समीक्षा गर्दै लुम्बिनी बौद्ध विश्वविद्यालय केन्द्रीय क्याम्पसका प्रमुख आचार्य दयानिधिले पुस्तकको दार्शनिक, साहित्यिक र प्राज्ञिक पक्ष महत्वपूर्ण रहेको बताए । उनले पुस्तकको आवरणमा रहेको बुद्धको ध्यानमुद्रा, दहमा फुलेका कमलका फूल र पूर्ण चन्द्रमालाई ज्ञान, ध्यान, प्रज्ञा र समाज रूपान्तरण सँग जोडेर व्याख्या गरे । आचार्य दयानिधिले पुस्तकका १० अध्यायलाई बौद्ध दर्शनका १० पारमिता तथा १० भूमिसँग जोडेर हेर्न सकिने बताए ।

उनले नेपाली समाजले विदेशी सिद्धान्तको पछि लाग्नुभन्दा आफ्नै माटोमा जन्मिएका बुद्ध, कपिल ऋषिलगायतका दार्शनिक तथा आचार्यका विचारलाई अध्ययन र व्यवहारमा ल्याउनुपर्ने बताए । लेखक, साहित्यकार तथा समीक्षक निर्मल दुङ्गानाले बौद्धकालीन देवदह देवदहले करिब २० वर्षअघि नै पाउनुपर्ने महत्वपूर्ण कृति भएको जनाए ।

लेखक डा. कृष्णप्रसाद न्यौपानेले लामो समयको अध्ययन तथा अनुसन्धानपछि पुस्तक तयार गरेको बताए । उनले आफूले स्नातकोत्तर तहमा अध्ययन गर्दादेखि देवदहको इतिहासबारे अनुसन्धान सुरु गरेको जानकारी दिए । मंगल पुष्करिणी दह, बौद्धकालीन देवदह, रोहिणी नदीको पानी विवादका क्रममा बुद्धले दिएको उपदेश तथा तत्कालीन सामाजिक अवस्थालगायतका विषयमा अध्ययन गरी पुस्तक तयार गरिएको उनले बताउनु भयो ।

देवदह डेभलपमेन्ट सोसाइटीका अध्यक्ष भिमप्रसाद गुरुङ्गको अध्यक्षतामा भएको कार्यक्रममा उषा केसी, गणेश डुम्रे, रामबहादुर गुरुङ्ग, यमलाल अर्याल, सरस्वती पोखरेल, दुर्गालाल तिवारीलगायतले कविता वाचन गरेका थिए । सोही अवसरमा राष्ट्रिय कलाकार तेजु अर्यालले देवदह विशेष गीत प्रस्तुत गरेका थिए । युगीन साहित्य समाज नेपालका अध्यक्ष गणेश न्यौपानेको स्वागत, यम रानाको धन्यवाद ज्ञापन र यज्ञप्रसाद न्यौपानेको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो ।

लुम्बिनी बोर्डिङ्मा निर्वाचन

बुटवल । बुटवल- ३, चिडियाखोला, सहस्र पथमा रहेको लुम्बिनी बोर्डिङ स्कुलमा विद्यार्थीहरूका क्याप्टेन र भाइस क्याप्टेनका लागि निर्वाचन सम्पन्न भएको छ ।

विद्यालयमा कक्षा ५ देखि कक्षा १० सम्मका विद्यार्थीहरू मतदाता रहेको उक्त निर्वाचन बिहान १० बजेदेखि अपरान्ह ३ बजेसम्म सञ्चालन गरिएको थियो । सोही निर्वाचनमा विद्यार्थी क्याप्टेनका लागि २ जना र भाइस क्याप्टेनका लागि ४ जनाले उम्मेदवारी दिएका थिए । निर्वाचन सञ्चालन गर्नका लागि सम्परिवेक्षकका रुपमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दयाराम बस्याल र परिवेक्षकका रुपमा विद्यालयका सहप्राचार्य कौशलराज बस्याल, मतदान अधिकृतका रुपमा शिक्षक दान ब. विश्वकर्मा र सदस्यका रुपमा शिक्षक सुदिप बस्याल, सुरज भुसाल, प्रमेश गैरे र सुवास थापा रहेका थिए ।

आइतबार नै मतगणना सम्पन्न भएको उक्त निर्वाचनबाट विद्यार्थी क्याप्टेनका रुपमा कक्षा ९ मा अध्ययनरत विद्यार्थी सन्दिप अर्याल र भाइस क्याप्टेनका रुपमा कक्षा ८ मा अध्ययनरत विद्यार्थी सचिन पाण्डे विजयी भएका छन् । साथै, निर्वाचित विद्यार्थीहरूलाई मतदान अधिकृतका रुपमा रहेका शिक्षक दानबहादुर विश्वकर्माबाट विजेताको प्रमाण पत्र प्रदान गरिनुको साथै विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवम् सह-प्राचार्यबाट टिका र खादा प्रदान गर्दै बधाइ व्यक्त गरिएको थियो ।

निर्वाचित विद्यार्थीहरूले आगामी कार्यकालका बारेमा आ-आफ्ना धारणाहरूसमेत व्यक्त गरेका थिए ।

शेखर र पूर्णबहादुर...

स्रोतका अनुसार पूर्णबहादुर भने पार्टी विभाजनको पक्षमा छैनन् । पार्टीको आधिकारिताबारे दायर भएको मुद्दामा अदालतले पुनरावलोकनको आदेश दिएको हुँदा त्यसको फैसला पर्खिनुपर्ने उनको राय छ । तर इतर पक्षका अधिकांश नेताहरूले भने धैर्यता गुमाइसकेका छन् ।

भेलाको पहिलो दिन खड्का सहभागी भएका थिए । स्रोतका अनुसार त्यस दिन पनि खड्का भेलामा जान इच्छुक थिएनन् । भर्खर विदेशबाट फर्किएका पूर्वसभापति देउवाले निको नमान्लान् भनेर उनी गइदिएको स्रोतले बतायो । अब खड्का इतर पक्षले गर्ने समानान्तर गतिविधिमा संलग्न नहुने स्रोतको दाबी छ ।

एमाले...

आफ्नो नेतृत्वमा कुनै समस्या नरहेको पुष्टि गर्न ओलीले विगतका घटनाक्रमहरूको लामै व्याख्या गरे । बेलाबेला आफूविरुद्ध पार्टीभित्र गतिविधि हुने गरेको पनि ओलीले सम्झिए ।

फेरि ०७७ सालमा प्रचण्ड र माधवकुमार नेपालहरूले पार्टीबाट निस्कासन गरेको प्रसंग सुनाउँदै ओलीले आफूले हरेकपटक पार्टी बचाउँदै आएको तर्क गरे ।

आफ्नो नेतृत्वमा भएका कामको लामो बयानपछि ओलीले पार्टी सदस्यहरूको आलोचना गरे ।

पार्टीलाई भोट नहाल्ने सदस्यको नवीकरण नगर्न निर्देशन पनि दिए । सदस्यहरूको आलोचना गरेपछि नेताहरूविरुद्ध ओली खनिए । 'पर्याप्त खान पाएकाहरूले गुनासो गरेका छन्,' ओलीले भने- 'केही नपाएकाले यसपटक पनि भोट हाले । केही पाएकाले यसपटक पनि भोट हालेनन् ।'

पार्टीको खाएर गुनासो गर्नेहरूलाई ओलीले 'किर्ना'को संज्ञासमेत दिए । 'एमालेलाई पनि भैंसी बनाउन खोजेका छन् साथीहरूले ।'- ओलीले भने ।

सम्बोधनका क्रममा पार्टीभित्र लोकतन्त्र जीवित रहेको र सबैको कुरा सुन्ने गरेको पनि उनले बताए । 'मैले जिन्दगीमा अहिलेसम्म कडा वचन, कडा स्वर कहिले प्रयोग गरेको छैन,' ओलीले भने ।

हप्काएर नेता बेहोस् भयो भन्ने प्रचार सही नभएको ओलीको तर्क थियो ।

मुलुक ...

कम्युनिस्ट दलहरूले व्यहोरेको पराजय यति अप्रत्याशित र व्याख्या गर्न कठिन रहेको उनले उल्लेख गरे । वर्तमान सरकार यही गतिमा थप दुई वर्ष अघि बढे मुलुकले गम्भीर संकट भोग्ने चेतावनी भूसालले दिए । उनले समग्र कम्युनिस्ट आन्दोलनको गम्भीर समीक्षा गरेर थप सशक्त रूपमा मात्र जनतामाझ जानुपर्ने आवश्यकता औंल्याएका छन् ।

कम्युनिष्ट ...

पोखरेलले भनेका छन्-'कम्युनिष्ट नेतृत्वको सरकार हुँदा देशभक्ति, पूर्वाधार विकास र सामाजिक सुरक्षाका क्षेत्रमा उल्लेख्य काम भए पनि जनसमर्थन भने बढ्नुको साटो आमरूपमा घट्न पुग्यो ।'

कम्युनिष्ट इतिहासमा २०५१ सालको मनमोहन अधिकारी नेतृत्वको अल्पमतको सरकार र २०७२ सालको केपी शर्मा ओली नेतृत्वको ९ महिने सरकारले मात्रै जनमत बढाउन सफल भएको दाबी उनको छ ।

२०८२ मा वामपन्थी आन्दोलनले असाधारण धक्का बेहोरेको उल्लेख गर्दै पोखरेलले अब पुरानै पाराले अघि बढ्न नसकिने बताएका छन् । आधारभूत वर्ग र समुदायका जनता किन कम्युनिष्ट पार्टीबाट टाढिँदै छन् र नेता-कार्यकर्तामा सामाजिक परिवर्तनको हुटहुटी किन मर्न थाल्यो भन्नेबारे निर्मम समीक्षा नगरी पुनर्जागरण सम्भव नभएको उनको भनाइ छ ।

'हरेक समस्याका पछाडि कुनै न कुनै कारण हुन्छ र त्यसको समाधान पनि त्यसमै निहित हुन्छ। यो मार्क्सवादी मान्यता हो,' पोखरेलले भनेका छन्- 'तसर्थ समस्या छ भनेर भाग्ने होइन, सामना गरेर अघि बढ्ने हो ।'

ओभरलोड ...

चारलेनको सडक निर्माणमा प्रतिकिलोमिटर लागत धेरै हुने भएको र अत्यधिक भारका कारण सडक तथा पुलमा क्षति पुगिरहेकाले मालवाहक सवारीसाधनलाई कडाइ गर्न लागेको राष्ट्रिय योजना आयोगका सदस्य अर्जुनजंग थापाले बताए । मालवाहक सवारीसाधनले क्षमताभन्दा बढी सामान बोकेका कारण मुख्य मार्गमा सडकको एकतर्फी लेन बढी दबिने समस्या देखिएको छ । प्रस्तावित विधेयकको व्यवस्थामा ट्रक व्यवसायीहरुले असन्तुष्टि जनाएका छन् । नेपाल ट्रक यातायात व्यवसायी महासंघले जरिवाना व्यवस्था संशोधन गर्न माग गरेको छ । पुलमा अनिवार्य तौल परीक्षण, भारको सीमा निर्धारण र सडक संरचना संरक्षणसम्बन्धी व्यवस्था आवश्यक भए पनि पाँच लाख रुपैयाँसम्मको जरिवाना भने अत्यधिक भएको व्यवसायीहरूको भनाइ छ ।

क्षमताभन्दा बढी सामान ल्याउनुपरेमा स्वीकृति लिएर ल्याउन सकिने छ । स्वीकृति लिएका सवारीलाई जरिवाना लाग्ने छैन । जलविद्युत आयोजनाका ट्रान्सफर्मर, टर्बाइनजस्ता टुक्राउन नसकिने उपकरण ढुवानी गर्न भने विशेष व्यवस्था गर्न सकिने छ ।

निर्माण ...

विधानविपरीत कार्यवाहक अध्यक्ष तोक्ने काम भएपछि नै संघमा आन्तरिकरुपमा राजनीतिक द्वन्द्व शुरु भएको संघका सल्लाहकार जवीन कक्षपतिले बताए । व्यवसायिक संस्थालाई राजनीतिक छायाँबाट अलग राख्नुपर्नेमा सत्ता र शक्तिको आडमा संस्थामा अनुचित चलखेल गलत भएको उनले बताए । संघका निवर्तमान अध्यक्ष एवं प्रदेश महासचिव ज्ञवालीले कार्यवाहक अध्यक्ष बेल्बासेले अमर्यादित शब्द बोलेकाले आफूले हातपात गरेको स्वीकारे । बहुमत सदस्यको बेल्बासे पक्षका व्यवसायीहरुले ज्ञवालीमाथि कानुनी कारबाही हुनुपर्ने र प्रदेश महासचिवबाट पदमुक्त गर्नुपर्ने माग गरेका छन् ।

हातपातको घटना हुनुअघि ज्ञवालीलाई प्रदेश महासचिवमा निर्वाचित भएकोमा सम्मान गरिएको थियो ।

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्र: लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्क:
तिनाउ सेनेटरी
बुटवल-१०, सुखखानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्क:
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

चालक तथा सहचालकको स्वास्थ्य परीक्षण:

जिल्ला ट्राफिक प्रहरी कार्यालय दाङको आयोजनामा सवारी दुर्घटना न्यूनीकरण तथा सुरक्षित यात्राका लागि घोराहीको ट्राफिक चोकमा आइतबार चालक तथा सहचालकको निःशुल्क स्वास्थ्य परीक्षण गर्दै स्वास्थ्यकर्मी । तस्विरः रासस

उद्योग संघद्वारा एमआरपीबारे प्रशिक्षण

बुटवल । रुपन्देही उद्योग संघको आयोजनामा उद्योगी व्यवसायीहरूका लागि अधिकतम खुद्रा मूल्य MRP सम्बन्धी प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ । संघको सचिवालयमा आयोजित कार्यक्रममा संघका अध्यक्ष कृष्णप्रसाद पराजुलीले सहभागी उद्योगी व्यवसायीहरूलाई स्वागत गर्दै व्यवसाय सञ्चालनका क्रममा मूल्य निर्धारण, मूल्यसूची तथा उत्पादनमा अधिकतम खुद्रा मूल्य उल्लेख गर्ने विषयलाई गम्भीरतापूर्वक लिनुपर्नेमा जोड दिए । उनले उद्योग व्यवसायको विकासमाँगै व्यवसायीहरूले विद्यमान कानुनी तथा नियामकीय व्यवस्थाको पालना गर्न आवश्यक रहेको उल्लेख गर्दै यस्ता प्रशिक्षणले उद्योगी व्यवसायीलाई व्यवहारिक रूपमा थप सक्षम बनाउने विश्वास व्यक्त गरे ।

कार्यक्रममा वाणिज्य विभागका विषय विज्ञ अमित झाले अधिकतम खुद्रा मूल्य-MRP सम्बन्धी विषयमा प्रशिक्षण तथा सहजीकरण गरेका थिए । प्रशिक्षणका क्रममा अधिकतम खुद्रा मूल्यको अवधारणा, वस्तुको मूल्य निर्धारण तथा उपभोक्तालाई मूल्यसम्बन्धी स्पष्ट जानकारी उपलब्ध गराउने विषयमा जानकारी गराइएको थियो ।

प्रशिक्षक झाले वस्तु तथा सेवाको मूल्य निर्धारण गर्दा सम्बन्धित कानुनी व्यवस्था र मापदण्डलाई ध्यान दिनुपर्नेमा जोड दिँदै उत्पादन तथा बिक्री-वितरणका क्रममा मूल्यसम्बन्धी पारदर्शिता कायम गर्नुपर्ने धारणा राखेका थिए । उनले उत्पादनको प्याकेजिङ तथा लेबलमा मूल्यसम्बन्धी विवरण स्पष्ट रूपमा उल्लेख गर्ने, उपभोक्तालाई वास्तविक मूल्यबारे जानकारी गराउने तथा व्यवसाय सञ्चालनका क्रममा प्रचलित नियमहरूको पालना गर्ने विषयमा समेत सहजीकरण गरेका थिए ।

रूपन्देही उद्योग संघसँग आबद्ध उद्योगीहरुले MRP कार्यान्वयन, मूल्य निर्धारण, बजारमा देखिने व्यवहारिक समस्या तथा उद्योग व्यवसायमा पर्ने प्रभावका विषयमा जिज्ञासा तथा प्रश्नहरू राखेका थिए। सहभागीहरूका प्रश्न तथा जिज्ञासामाथि प्रशिक्षक झाले सम्बन्धित विषयमा स्पष्ट पार्दै व्यवहारिक समाधानका उपायहरूबारे जानकारी गराएका थिए ।

रूपन्देही उद्योग संघका महासचिव सुमन बस्यालको सञ्चालनमा सम्पन्न कार्यक्रमको समापन गर्दै संघका वरिष्ठ उपाध्यक्ष जीवकान्त काफ्लेले सहभागी उद्योगी व्यवसायी, प्रशिक्षक तथा उपस्थित सबैलाई धन्यवाद ज्ञापन गरेका थिए । उनले उद्योग व्यवसाय सञ्चालनका क्रममा देखिने कानुनी, नीतिगत तथा व्यवहारिक विषयमा उद्योगी व्यवसायीलाई आवश्यक जानकारी उपलब्ध गराउने उद्देश्यले संघले आगामी दिनमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिने उल्लेख गरेका थिए ।

उद्योगी व्यवसायीलाई अधिकतम खुद्रा मूल्यसम्बन्धी प्रचलित व्यवस्था, मूल्य पारदर्शिता र उपभोक्ता अधिकारका विषयमा सचेत गराउँदै व्यवसाय सञ्चालनमा देखिने व्यवहारिक अन्योललाई कम गर्नु कार्यक्रमको मुख्य उद्देश्य रहेको साथैउद्योगी व्यवसायीको क्षमता अभिवृद्धि, कानुनी तथा नीतिगत जानकारी प्रवाह र उद्योग व्यवसायसँग सम्बन्धित समसामयिक विषयमा अन्तरक्रियालाई प्राथमिकता दिँदै आगामी दिनमा समेत यस्ता कार्यक्रम सञ्चालन गर्ने जनाएको छ ।

सूर्यपुरा बहुमुखी क्याम्पसमा पाँच करोडमा बन्यो भव्य भवन

जगिलाल थापा

कञ्चन

रुपन्देहीको गैँडहवा गाउँपालिका वडा नं. ६ सूर्यपुरामा सूर्यपुरा बहुमुखी क्याम्पसको शैक्षिक तथा प्रशासनिक भवन निर्माण सम्पन्न भएको छ । गैँडहवा गाउँपालिकाको करिब ५ करोड लगानीमा करिब ३ विगाह क्षेत्रफलमा निर्माण भएको उक्त भवन ३ वर्षमा सम्पन्न भएको हो ।

वि.सं. २०६९ सालमा स्थापना भएको उक्त क्याम्पसको सभाहलसहित चार तलाको २४ कोठे भवन निर्माण भएको सूर्यपुरा बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख कैलाश यादवले जानकारी दिनु भएको छ। नवनिर्मित उक्त क्याम्पस भवनमा आज स्थानीयहरुको विशेष ऱ्याली तथा पूजा आराधना सहित गृह प्रवेश गराइएको क्याम्पस प्रमुख यादवले जानकारी दिए ।

नवनिर्मित क्याम्पस भवनको उद्घाटन तथा गृह प्रवेश गर्दै गैँडहवा गाउँपालिकाका अध्यक्ष सुरेन्द्र पौडेलले ग्रामीण क्षेत्रमा उच्च शिक्षाको अवसर प्रदान गर्ने उद्देश्यका साथ स्थापना भएको सूर्यपुरा बहुमुखी क्याम्पसको नवनिर्मित भवन उद्घाटन गर्न पाउँदा अत्यन्त खुसी लागेको र गाउँपालिकाको न्यून आयाश्रोतका बाबजुद पनि शिक्षाको चौतारी बनाउनमा लगानी गर्न पाएको प्रति निकै हर्षित भएको विचार व्यक्त गरे ।

यस्तै गाउँपालिकाका निवर्तमान अध्यक्ष बछुलाल केवटले सूर्यपुरा बहुमुखी क्याम्पसको यो अत्याधुनिक भवन निर्माण सम्पन्न हुनु गैँडहवाका लागि गौरवको विषय भएको कुरा उल्लेख गर्दै यसको परिकल्पना र निर्माणमा जनप्रतिनिधि, स्थानीयवासी तथा क्याम्पस परिवारको महत्वपूर्ण योगदान रहेको बताए ।

यस्तै गैडहवा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत रोमनाथ न्यौपानेले सूर्यपुरा बहुमुखी क्याम्पसको नवनिर्मित भवन निर्माणमा जनप्रतिनीधि, कर्मचारी, अभिभावक, क्याम्पस सभासद, स्थानीय अभिभावक तथा शुभेच्छुकहरुको अथक प्रयास र लगानी रहेको उल्लेख गर्दै भवनलाई केवल संरचनाका रूपमा नभई गुणस्तरीय शिक्षा र भविष्य निर्माणको आधारका रूपमा विकास गर्नुपर्नेमा जोड दिए ।

कार्यक्रममा वडा नं. ५ का वडा अध्यक्ष विजय शर्माले सूर्यपुरा बहुमुखी क्याम्पसको नवनिर्मित भवनले यस क्षेत्रका विद्यार्थीलाई उच्च शिक्षा हासिल गर्न थप सहज वातावरण सिर्जना गर्ने र पालिकाको लगानीमा बनेको संरचनाको सही उपयोग गर्दै गुणस्तरीय शिक्षा र प्राविधिक ज्ञान प्रदानमा क्याम्पसको विशेष ध्यान दिनुपर्ने उल्लेख गर्दै वडा अध्यक्ष शर्माले क्याम्पसलाई यस क्षेत्रकै उत्कृष्ट शैक्षिक संस्थाका रूपमा विकास गर्न सबैको सहकार्य आवश्यक रहने विचार व्यक्त गरे ।

यसैगरी वडा नं. ९ का वडा अध्यक्ष मीना क्षेत्रीले कुनै पनि शैक्षिक संस्थाहरुमा जति राम्रो पढाई हुने भए पनि भौतिक पूर्वाधार विकास भएन भने त्यो शैक्षिक संस्थाको प्रचार र आकर्षण कमी हुने उल्लेख गर्दै नवनिर्मित सूर्यपुरा बहुमुखी क्याम्पस भवनले यस क्षेत्रको शैक्षिक विकासमा नयाँ आयाम थप्ने विश्वास व्यक्त गरिन् । वडा अध्यक्ष क्षेत्रीले भवन निर्माणसँगै शिक्षाको गुणस्तर वृद्धि, अनुशासन, प्रविधिमैत्री शिक्षण र विद्यार्थीको सर्वाङ्गीण विकासलाई प्राथमिकता दिनमा क्याम्पस र सरोकारवाला सबैको ध्यान जानु पर्नेमा जोड दिए ।

कार्यक्रममा क्याम्पस प्रमुख कैलाश यादवले क्याम्पसको भवन निर्माण प्रतिवेदन प्रस्तुत गर्दै क्याम्पसको शैक्षिक गुणस्तर अभिवृद्धि, विद्यार्थी आकर्षण र दक्ष जनशक्ति उत्पादनका लागि शिक्षक, विद्यार्थी, अभिभावक तथा समुदायबीच निरन्तर सहकार्य आवश्यक रहेको कुरामा जोड दिए ।

क्याम्पस सञ्चालक समितिका अध्यक्ष तिलकराम रिजालको अध्यक्षतामा भएको भएको कार्यक्रममा क्याम्पस अनुगमन समितिका संयोजक अयाध्या सिंह, क्याम्पस सञ्चालन समितिका सल्लाहकारहरु रामवली यादव, टीकाराम शर्मा, रामदेव यादव, अशोक मौर्य, मञ्जय बरई लगायतले बधाई तथा शुभकामना मन्तव्य व्यक्त गरेका थिए । क्याम्पस सञ्चालक समितिका उपाध्यक्ष रामचन्द्र यादवले स्वागत गर्दै अब क्याम्पसको भौतिक पूर्वाधार विकाससँगै गुणस्तरीय शिक्षा, दक्ष जनशक्ति उत्पादन र विद्यार्थीलाई रोजगारीसँग जोड्ने कार्यक्रमलाई प्राथमिकता दिनमा क्याम्पसको मुख्य जोड रहने विचार व्यक्त गरे । स्थानीय अभिभावक, क्याम्पस सभासद, विद्यार्थी, शिक्षक, जनप्रतिनीधि, कर्मचारीलगायतको सहभागितामा भएको कार्यक्रममा स्थानीय तथा विद्यार्थीहरुद्वारा विभिन्न नृत्य तथा कला प्रस्तुत गरेका थिए । कार्यक्रमको सञ्चालन भने चुरामणी पौडेल र उमेश यादवले गरेका थिए ।

बीपीको अपव्याख्या भइरहेको छ : गगन

बुटवल । नेपाली कांग्रेसका सभापति गगन थापाले बीपी कोइराला, गणेशमान सिंह जस्ता नेताहरूलाई कुनै परिवार वा सीमित समूहभित्र मात्र कैद गर्न नहुने बताएका छन् ।

पछिल्लो समय बीपी कोइरालाका विचारलाई आफू अनुकूल व्याख्या गर्ने र आफ्नो राजनीतिक आवश्यकता पर्दा मात्रै उनको नाम प्रयोग गर्ने प्रवृत्ति कांग्रेसभित्रै बढेको भन्दै थापाले असन्तुष्टि व्यक्त गरेका हुन् ।

आइतबार धर्म गौतमद्वारा प्रकाशित पुस्तक विमोचन कार्यक्रममा बोल्दै सभापति थापाले नेताहरूले आफ्ना राजनीतिक निर्णय आफैँ गर्न नसकेर बीपीको नामको सहारा खोज्ने गरेको आरोप लगाए ।

आफ्नो राजनीतिक आवश्यकता पूरा गर्न 'राष्ट्रिय मेलमिलाप'को प्रसंग जोडेर बीपीलाई ढाल बनाउने प्रवृत्तिले बीपीको वास्तविक विचारलाई कमजोर बनाउने उनको भनाइ थियो ।

'पछिल्लो समयको हाम्रो परम्परा आफूलाई जहाँनिर चाहिन्छ, बीपी कोइरालालाई त्यहाँनिर प्रयोग गर्ने । म अहिले पनि हेरिरहेको छु, सुनिरहेको छु, ठाउँ-ठाउँमा भएका छलफलहरूमा बीपी कोइरालाको राष्ट्रिय मेलमिलापको सन्दर्भ अहिले एकदम व्यापक आइरहेको छ ।'- आफ्नै पार्टीका नेताहरूप्रति लक्षित गर्दै थापाले भने ।

थापाले थपे-'नेताहरूले फेरि रातारात बीपीलाई सम्झनुभएको छ । रातारात बीपीलाई सम्झँदा यस्तो ट्रान्ज्याक्सन यहाँभित्रको अहिले के गर्नु परेको छ, कोसँग मिलाउनु परेको छ, कोसँग कानेखुसी गर्नु परेको छ, आफैँ आएर भन्ने हिम्मत छैन । त्यो हिम्मत नभएपछि कसलाई सम्झने भन्दा बीपीलाई सम्झने ।'

थापाले बीपी र गणेशमानलाई निजीकरण गर्न नहुनेमा जोड दिए । 'धेरै प्राइभेटाइज गर्न दिनुहुन्न, बीपी कोइराला वा गणेशमानलाई कसैले घरभित्र कैद गर्न दिनुहुन्न ।'- थापाले भने । आज बीपीको अपव्याख्या भइरहेको भन्दै थापाले बीपीको आह्वानमा आन्दोलनमा होमिएका धर्म गौतमजस्ता पुराना पुस्ताका अभियन्ताहरूले वास्तविकता बुझाउनुपर्ने बताए । नयाँ पुस्तासँग बीपीसँगको प्रत्यक्ष अनुभव नभएकाले कहिलेकाहीँ कसैले गलत कुरालाई पनि 'बीपीले यसो भन्नुभएको थियो' भन्दा पत्याउनुपर्ने बाध्यता रहेको उनले उल्लेख गरे ।

'हामीसँग त्यो आधिकारिकता हुँदैन, कहिलेकाहीँ कुराकानी गर्न ३ जना बस्यो भने बीपीले यसो भन्नुभएको थियो भन्नुहुन्छ, अब कहीँ पढेको पनि छैन, सुनेको पनि छैन, भन्नुभएको छ भनेपछि 'हो कि' भन्नुपऱ्यो । त्यसैले साँच्चिकै त्यो बेलामा जो अभियन्ताहरू थिए, उहाँहरूले बीपीको बारेमा भनिदिनुपर्छ ।'- उनले भने ।

बीपीको राजनीतिक जीवन लामो र निरन्तर विकसित भएको चर्चा गर्दै थापाले लोकतन्त्र र सामाजिक न्यायप्रतिको उनको मूल प्रतिबद्धता कहिल्यै परिवर्तन नभएको बताए । बीपीका आर्थिक विकास, उत्पादन, ग्रामीण विकास, साना उद्योग र प्रविधिको प्रयोगसम्बन्धी धारणालाई अहिलेको विकास बहस र कृत्रिम बुद्धिमत्ताको सन्दर्भसँग समेत जोडेर अध्ययन गर्न सकिने उनले स्पष्ट पारे ।

शीतगंगा स्वास्थ्य संस्थाको वार्षिक समीक्षा कार्यक्रम सम्पन्न

अनिल नेपाली

अर्घाखाँची

अर्घाखाँचीको शीतगंगा नगरपालिकामा आर्थिक वर्ष २०८२/०८३ मा सञ्चालन भएका स्वास्थ्य सेवा तथा कार्यक्रमहरूको वार्षिक समीक्षा सम्पन्न भएको छ ।

नगर उप-प्रमुख गीता भाटको अध्यक्षता तथा नगर प्रमुख छविलाल पौडेलको प्रमुख आतिथ्यता, प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद सापकोटा, वडा अध्यक्ष चिन्तराज अधिकारी, दामोदर अधिकारीलगायतको उपस्थितिमा सम्पन्न कार्यक्रममा स्वास्थ्य शाखा, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, अस्पताल तथा आयुर्वेद औषधालयका प्रमुख तथा इञ्चार्जहरूको सहभागिता रहेको थियो ।

समीक्षामा स्वास्थ्य संस्थाहरूले वर्षभरि प्रदान गरेका सेवा, कार्यक्रमगत उपलब्धि, सेवाग्राहीको पहुँच, मातृ तथा शिशु स्वास्थ्य, उपचारात्मक तथा प्रयोगशाला सेवा, रोग नियन्त्रण तथा रोकथाम, स्वास्थ्य शिक्षा, नर्सिङ तथा सामाजिक सुरक्षा, आयुर्वेद सेवा, जनशक्ति, औषधि तथा उपकरण व्यवस्थापन, अभिलेख र प्रतिवेदन प्रणालीलगायत विषयमा प्रगति तथा चुनौती प्रस्तुत गरेका थिए ।

कार्यक्रममा राष्ट्रिय क्षयरोग नियन्त्रण कार्यक्रमलाई विशेष प्राथमिकताका साथ समीक्षा गरिएको थियो । DS tyf DR–TB को पहिचान, निदान र उपचार, जिन एक्सपर्टसहितका प्रयोगशाला परीक्षण, उपचारमा रहेका बिरामीको नियमित अनुगमन, उपचार सफलताको अवस्था, औषधि तथा ल्याब सामग्रीको उपलब्धता र मौज्दात व्यवस्थापनबारे छलफल गरिएको थियो । साथै क्षयरोगसँग सम्बन्धित एचआईभी, मधुमेह तथा कोभिड-१९ जस्ता सहसंक्रमण, बिरामीको पहिचान तथा उपचार समन्वय, क्षयरोग मुक्त नेपाल अभियान र समुदायस्तरमा सम्भावित बिरामीको समयमै खोजी तथा उपचारमा पहुँच विस्तारका विषयमा पनि समीक्षा गरिएको थियो ।

त्यस्तै, अघिल्लो समीक्षा गोष्ठीमा पहिचान भएका समस्या समाधानको अवस्था, क्षयरोगका बिरामी अन्यत्र स्थानान्तरण हुँदा उपचार निरन्तरताका लागि स्वास्थ्य संस्थाबीच समन्वय, आवश्यक औषधिको तथ्यमा आधारित अनुमान तथा आपूर्ति, फाराम-फर्मेटको प्रयोग, नीति, रणनीति तथा निर्देशिकामा भएका परिवर्तन र नयाँ उपचार विधि तथा रेजिमेनबारे स्वास्थ्यकर्मीलाई जानकारी गराउने विषयमा समेत छलफल भएको थियो ।

समीक्षामा प्राथमिक स्वास्थ्य सेवा, राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण, परिवार कल्याण, इपिडिमियोलोजी तथा रोग नियन्त्रण, कुष्ठरोग तथा अपाङ्गता व्यवस्थापन, स्वास्थ्य शिक्षा तथा सूचना, स्वास्थ्य तालिम, उपचारात्मक सेवा, नर्सिङ तथा सामाजिक सुरक्षा र आयुर्वेदलगायत राष्ट्रिय तथा स्थानीय स्वास्थ्य कार्यक्रमको समग्र अवस्थासमेत मूल्यांकन गरिएको थियो । उत्कृष्ट कार्यसम्पादन तथा अभ्यासको आदानप्रदान गर्दै आगामी वर्षका लागि समस्या समाधान, क्षमता अभिवृद्धि र समन्वयमा आधारित कार्ययोजना बनाउने विषयमा जोड दिइएको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद सापकोटाले स्वास्थ्य सेवा नागरिकको प्रत्यक्ष सरोकारसँग जोडिएको संवेदनशील सेवा भएकाले स्वास्थ्य संस्थाहरूले सहज, सम्मानजनक, गुणस्तरीय, नागरिकमैत्री र उत्तरदायी सेवा दिनुपर्ने बताए। उनले स्वास्थ्य संस्थाको कार्यसम्पादनसँगै अभिलेख, प्रतिवेदन, औषधि, उपकरण र सेवा व्यवस्थापनलाई थप व्यवस्थित बनाउनुपर्नेमा जोड दिए ।

यसैबिच कार्यक्रममा ठाडा प्राथमिक स्वास्थ्य केन्द्रमा नवनियुक्त मेडिकल अधिकृत भरतमणि पौडेलको स्वागत तथा परिचय गरिनुका साथै नगर प्रमुख पौडेल, उप-प्रमुख भाट र प्रमुख प्रशासकीय अधिकृत सापकोटाले संयुक्त रूपमा स्वागत गरेका थिए । स्वास्थ्य सेवाको पहुँच र गुणस्तर सुधारमा मेडिकल अधिकृतको महत्वपूर्ण भूमिका रहने अपेक्षा व्यक्त गरिएको थियो ।

कार्यक्रममा शीतगंगा नगरपालिकाअन्तर्गतका स्वास्थ्य संस्थाका सेवा, गतिविधि, उपलब्धि तथा महत्वपूर्ण विवरण समेटिएको स्वास्थ्य बुलेटिनसमेत विमोचन गरिएको छ । नगर प्रमुख पौडेल र उप-प्रमुख भाटले संयुक्त रूपमा विमोचन गरेको बुलेटिनले स्वास्थ्य क्षेत्रको अभिलेखीकरण तथा आगामी योजना र निर्णय प्रक्रियामा सहयोग पुग्ने अपेक्षा गरिएको छ । समीक्षाले शीतगंगाको स्वास्थ्य सेवा प्रणालीलाई थप व्यवस्थित, समन्वयात्मक, परिणाममुखी, गुणस्तरीय र नागरिकमैत्री बनाउने आगामी कार्यदिशा तय गर्न महत्वपूर्ण आधार तयार गरेको सहभागीहरूले बताएका छन् ।

सूचनाको हक: नागरिकको मौलिक अधिकार

-सार्वजनिक सरोकारका सूचना प्राप्त गर्नु नागरिकको अधिकार हो,
-सार्वजनिक सरोकारका सूचना उपलब्ध गराउनु राज्यको दायित्व हो,
- सही, तथ्यपरक र आधिकारिक सूचना आदान-प्रदान गरौं,
- सार्वजनिक निकायमा कानुन बमोजिम सूचना अधिकारी तोक्ने गरौं,
- डिजिटल प्रविधिको प्रयोग गरी सूचनामा नागरिकको पहुँच विस्तार गरौं,
- प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना पाउने हक हुन्छ, तर कानुन बमोजिम गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन बाध्य पार्न मिल्दैन ।

नेपाल सरकार विज्ञापन बोर्ड

आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा

डिजाइनका साथै सम्पूर्ण छपाईको लागि

सधै हामीलाई सम्झनुहोस् !

आइडिया
डिजाइनर्स/
अफसेट प्रेस

सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com